news24 दैनिक

वर्ष १३ अंक १७८ राष्ट्रिय दैनिक | २६ माघ २०८२, सोमबार माघ कृष्ण अष्टमी | नेपाल संवत् ११४६ | Monday 9 February 2026 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

मुम्बईको वानखेडे रंगशालामा आइतबार इंग्ल्याण्ड र नेपालबीचको खेलमा ब्याटिङ गर्दै नेपालका कप्तान रोहित पौडेल। आइसीसी पुरुष टी–२० क्रिकेट विश्वकप समूह चरणको यो खेलमा नेपाल ४ रनले पराजित भए पनि दुईपटकको उपाधि विजेतासँग उत्कृष्ट प्रदर्शन गरेको थियो। (समाचार अन्तिम पृष्ठमा) *तस्बिर : एएफपी*

गुमनाम देउवा

देशभर निर्वाचनको चहलपहलबीच उनी महाराजगञ्जस्थित निवासमै सीमित छन्। स्वास्थ्य, नैतिकता र आन्तरिक सत्ता संघर्षबीच उनले बाहिर निस्केर बोल्नुभन्दा मौन बस्नु नै उत्तम मानेको देखिन्छ।

जगन्नाथ दुलाल
काठमाडौं, माघ २५

देशलाई चुनाव लागेको छ। दलका नेताहरू आआफ्ना एजेण्डा लिएर निर्वाचन क्षेत्रमा छन्। भदौ २३ र २४ को जेनजी आन्दोलनका क्रममा आक्रमणमा परेका शेरबहादुर देउवा भने अहिले राष्ट्रिय राजनीतिमा गुमनाम जस्तै छन्। ३४ वर्षपछि उनी राष्ट्रिय राजनीतिको भागदौडमा देखिएका छैनन्।

राजनीतिमा प्रचलित एउटा हिन्दी भनाइ छ - 'नाम हो, बदनाम हो पर गुमनाम न हो।' तर यति बेला देउवा गुमनाम झैं देखिएका छन्। आफूले लगातार जित्दै आएको जिल्लामा यसपटक उनी उम्मेदवार छैनन्। निर्वाचन प्रचारमा घरदैलो गरिरहँदा डडेलधुराबाट पछिल्ला पुस्ताका नैनसिहं महरले उनलाई स्मरण गरिरहेका छन्। तर, देउवाले प्रतिक्रिया दिएका छैनन्।

अझ पत्नी आरजु पनि उम्मेदवार नहुँदा उनले चुनावी भीडमा जानुपर्ने खाँचो नठानेकोजस्तो देखिएको छ। देउवाका दम्पती नै न बाहिर सार्वजनिक सभा समारोह, भेटघाटमा देखिन्छन्, न त पार्टीका कार्यक्रममा। सिंगापुरबाट फर्केपछि उनलाई भेट्न एमाले अध्यक्ष केपी शर्मा ओली दुईपटक महाराजगञ्ज निवासमै पुगेका थिए। उनी भने बाहिरिएनन्। ७७ जिल्लालाई नै चुनाव लागेको छ। सबैजसो नेताहरू आआफ्ना जिम्मेवारीमा व्यस्त छन्। देउवाको चालचुल छैन।

उनी हिजोआज के गर्दै होलान्? सक्रिय राजनीतिमा पुनः देखिएलान्? यो पाटो पनि केही राजनीतिक व्यक्तित्वहरूले चासोका साथ हेरिरहेका छन्।

देउवा सचिवालय स्रोत भने चुनावमा उनलाई सभाहरूमा देख्न नपाइने बताउँछ। उसो त, देउवाकै सक्रियतामा कांग्रेसको आधिकारिकता सम्बन्धि सर्वोच्च अदालतमा दायर रिट विचाराधीन छ। आफूले अवैध घोषणा गरेको विशेष महाधिवेशनबाट निर्वाचित भएका सभापति गगन थापालाई देउवाले पार्टीबाट ५ वर्षका लागि निष्कासन गरेका थिए। त्यसैले पनि देउवा अहिले राजनीतिक गतिविधिमा बाहिर निस्कन नैतिक संकटमा देखिन्छन्। उनको सचिवालय सर्वोच्चमा आफूहरूले दायर गरेको रिटको छिनोफानो नहुँदासम्म देउवाले प्रचारप्रसारका कार्यक्रममा जाने नजाने विषयमा कुनै निर्णय नगर्ने बताउँछ। 'पार्टीको वैधताको विषयमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ। अदालतले फैसला दिएपछि मात्रै चुनाव प्रचारप्रसारमा जाने नजाने निर्णय हुन्छ,' आफूलाई भेट्न आउने नेताहरूसँग देउवाले भन्ने गरेका छन्।

उसो त देउवा जेनजी आन्दोलनको ३४ दिनपछि केन्द्रीय कार्यालय सानेपा पुगे। त्यसको केही दिनपछि उपचारका लागि सिंगापुर गएका थिए। सिंगापुर जानुअघि केन्द्रीय समिति बैठकमा पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति तोक्न सानेपा पुगेका देउवा त्यसयता महाराजगञ्जस्थित भाडाको निवासबाट राजनीतिक काममा बाहिर निस्केका छैनन्। उसो त नेपाल फर्किएर पनि उनले कार्यवाहक भने फिर्ता लिएनन्। देउवको पक्षबाट निर्वाचन आयोग र सर्वोच्च अदालतमा कानुनी लडाइ उनै देउवाका कार्यवाहक खड्काले नै सम्हालेका छन्।

गत पुस २७ मा भृकुटीमण्डपमा विशेष महाधिवेशनको उद्घाटनसत्र शुरु भएपछि देउवाले महाराजगञ्जमा आफू निकट नेताहरूसँग छलफल गरेका थिए। त्यस्तै, सोही दिन कांग्रेस नेता शेखर कोइरालाले 'पार्टी विभाजन रोक्न' आफू निकट तत्कालीन सहमहामन्त्रीहरू जीवन परियार र बद्रि पाण्डे, नेता मीनेन्द्र रिजालसहित देउवालाई भेट्न उनको निवासमा पुगेका थिए।

बाँकी पृष्ठ २ मा...

'सामाजिक सञ्जालमा मर्यादाको ख्याल गर'

काठमाडौं। नेपाल विद्युत् प्राधिकरणले आफ्ना कर्मचारीलाई सामाजिक सञ्जाल प्रयोग गर्दा संस्थाको मर्यादा र गरिमाको ख्याल गर्न सचेत गराएको छ। प्राधिकरण कर्मचारी सेवा, सर्त, नियमावलीमा भएको आचरणसम्बन्धी व्यवस्थाको पालना स्मरण गराएको हो।

पछिल्लो समय सामाजिक सञ्जालमा तथ्य प्रमाणित नभएका काल्पनिक, समाज र कार्यालयको प्रतिष्ठामा आँच पुग्ने गरी पोष्ट र प्रतिक्रिया एवम् कार्यालयका पत्रहरू समेत राख्ने प्रवृत्ति बढेकामा प्राधिकरणले आपत्ति जनाएको छ। प्राधिकरणका कार्यरत कर्मचारीमा त्यस प्रकारको प्रवृत्ति निरुत्साहित गरी सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित, व्यवस्थित र रचनात्मक बनाउन सबै पक्षको सकारात्मक भूमिका आवश्यक रहेको प्राधिकरणका सहनिर्देशक नारायणप्रसाद आचार्यले बताए। *बाँकी पृष्ठ २ मा...*

चेक बाउन्स ऐन संशोधनमा सर्वोच्चको अंकुश

काठमाडौं (संवाददाता)- चेक बाउन्स हुँदा हुने जेल र जरिवानाको सजाय हटाउने सरकारको निर्णय तत्काल लागू नहुने भएको छ। सर्वोच्च अदालतले यस्तो व्यवस्था कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो। यससँगै चेक बाउन्स गर्ने व्यक्तिलाई सजाय नहुने गरी गरिएको कानुनी संशोधन अहिलेका लागि रोकिएको छ।

सर्वोच्चको संवैधानिक इजलासले चेक अनादरसम्बन्धी मुद्दाले आर्थिक अनुशासन, लेनदेनको विश्वास र नागरिकको सम्पत्तिको अधिकारमा असर पार्न सक्ने ठहर गर्दै अन्तरिम आदेश जारी गरेको हो। अदालतको अन्तिम फैसला नआएसम्म पुरानै कडा व्यवस्था लागू रहनेछ। बैंकको चेक अनादरमा हुने जेल र जरिवानाको सजाय हटाएर विनिमेय अधिकार

जेल र जरिवाना हटाउने सरकारको कानुनी संशोधन अदालतले रोकिदिएसँगै पुरानै कडा व्यवस्था लागू हुने

पत्र ऐन २०३४ मा गरिएको संशोधन कार्यान्वयन नगर्न सर्वोच्चले अन्तरिम आदेश जारी गरेको छ।

प्रधानन्यायाधीश प्रकाशनसिंह राउत तथा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिकृष्ण फुयाल र डा मनोजकुमार शर्माको संवैधानिक इजलासले चेक अनादरमा सजाय मिनाहा हुने गरी गरिएको ऐनको संशोधन कार्यान्वयन नगर्न/नगराउन बुधबार अन्तरिम आदेश जारी गरेको हो। *बाँकी पृष्ठ २ मा...*

एक सीटमा १५ दाबेदार

उम्मेदवार घरदैलो र चुनावी सभामा व्यस्त, परम्परागत प्रतिस्पर्धी सबै बिना गठबन्धन मैदानमा आउँदा नयाँ दलको चुनौती

news24

काठमाडौं, माघ २५

निर्वाचनको मिति नजिकिँदै जाँदा जिल्लाभर चुनावी गतिविधि बढेको छ। उम्मेदवारहरू घरदैलो अभियानमा व्यस्त भएपछि गाउँ-बस्तीमा राजनीतिक सरगर्मी बढेको हो। आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि खोटाङमा एउटा मात्रै निर्वाचन क्षेत्र छ।

यहाँबाट दुई स्वतन्त्रसहित १५ जना उम्मेदवार चुनावी मैदानमा छन्। १ लाख ४७ हजार १ सय २० मतदाता रहेको जिल्लामा यसपटक पुराना तीन दल कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको छ।

दिप्रुङ चुइचुम्मा गाउँपालिकाबाट घरदैलो अभियान थालेका कांग्रेसका उम्मेदवार वीरकाजी राई निकै व्यस्त देखिएका छन्। पार्टीका महाधिवेशन प्रतिनिधि तथा पूर्व जिल्ला सचिवसमेत रहेका राईले काठमाडौंमा चुनावी भेला गरेपछि गत सोमबारदेखि जिल्लामा घरदैलो थालेका हुन्।

उनको अभियानमा कोशी प्रदेशका महामन्त्री एवं निवर्तमान भौतिक पूर्वाधार विकास तथा स्वास्थ्य मन्त्री भूपेन्द्र राई, कांग्रेसका जिल्ला उपसभापति तथा हलेसी तुवाचुङ नगरपालिकाका निवर्तमान प्रमुख इवन राई लगायतका नेताहरू सहभागी छन्। कांग्रेस खोटाङले जिल्लाका १० वटै स्थानीय तहमा चुनावी कमान्डर तोकेर प्रचार-प्रसारलाई तीव्र बनाइएको जनाएको छ।

एमालेका उम्मेदवार देवविक्रम राईले खोटेहाङ गाउँपालिकाको खोटाङ बजारबाट घरदैलो अभियान थालेका छन्। पार्टीको जिल्ला अध्यक्षसमेत रहेका राई काठमाडौं, इटहरी र गाईघाटमा चुनावी भेला गरेपछि जिल्ला फर्किएर घरदैलोमा जुटेका हुन्। उनको साथमा पार्टीका केन्द्रीय सदस्य तथा पूर्वसांसद् विशाल भट्टराई, पूर्व जिल्ला अध्यक्षहरू बबि चाम्लिङ र रामप्रसाद दंगाल लगायतका नेताहरू सहभागी छन्। औपचारिक कार्यक्रमको मिति तय नगरी पहिलो चरणमा घरदैलो अभियानलाई प्राथमिकता दिइएको राईले बताएका छन्।

नेपाली कम्युनिष्ट पार्टीले अर्थशास्त्री तथा राजनीतिक विश्लेषक डा हरि रोकालाई उम्मेदवार बनाएको छ। उनले माघ ७ गतेदेखि दिक्तेल बजारबाट घरदैलो अभियान सुरु गरेका हुन्। किरातचोकबाट सुरु गरिएको उक्त अभियानमा उनीसँगै ६ जना पूर्व सांसद तथा केन्द्रीय नेताहरू सहभागी छन्। प्रचार अभियानमा पूर्वसांसद टंक राई र कुलप्रसाद फुयाँल, संविधानसभा सदस्यहरू समिता कार्की 'अस्मिता' र दुर्गाजयन्ती राई, प्रतिनिधिसभा सदस्य एवं कोशी प्रदेश सरकारका पूर्व ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्री रामकुमार राई 'पासाङ' तथा कोशी प्रदेश सरकारकै पूर्व सामाजिक विकास मन्त्री राजन राई सहभागी भएका छन्। डा रोकाको चुनावी कमान्डरका रूपमा पार्टीको केन्द्रीय अनुशासन आयोगका अध्यक्ष एवं पूर्व सांसद टंक राई खटिएका छन्।

प्रतिनिधिसभा निर्वाचन खोटाङ

यसैबीच नेकपा खोटाङले फागुन ५ देखि १८ गतेसम्म जिल्लाका १० वटै स्थानीय तहमा चुनावी सभा आयोजना गर्ने कार्यक्रम सार्वजनिक गरेको छ। सार्वजनिक कार्यतालिका अनुसार बराहपोखरी, जन्तेढुंगा, खोटेहाङ, साकेला, दिप्रुङ चुइचुम्मा, केपिलासगढी, हलेसी तुवाचुङ, दिक्तेल रूपाकोट मझुवागढी, ऐंसेलुखर्क र रावाबेंसी गाउँपालिका तथा नगरपालिकाका विभिन्न स्थानमा चुनावी सभा गरिनेछ। उम्मेदवार डा रोकाले आफू कृषकको आवाज बनेर प्रतिनिधिसभा पुग्न चाहेको प्रतिक्रिया दिएका छन्।

खोटाङमा यसपटक कांग्रेस, एमाले र नेकपाका अतिरिक्त राष्ट्रिय स्वतन्त्र पार्टीबाट रुद्र गिरी, जनता समाजवादी पार्टीबाट राकेश राई, जसपा नेपालबाट सुनिल चाम्लिङ, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपक तामाङ, श्रम संस्कृति पार्टीबाट आरेन राई, नेकपा (माओवादी) बाट चन्द्रबहादुर बुढाथोकी, नेपाल मजदुर किसान पार्टीबाट ध्यानप्रसाद ढकाल, राष्ट्रिय परिवर्तन पार्टीबाट मिरेश राई, मंगोल नेसनल अर्गनाइजेसन पार्टीबाट प्रयाग राई र मितेरी पार्टी नेपालबाट केशरमान चाम्लिङ उम्मेदवार छन्। यस्तै, डा राजकुमार राई र तिलकचन्द्र राईले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

अघिल्ला निर्वाचनका परिणाम हेर्दा खोटाङमा एमाले बलियो देखिँदै आएको छ। २०७९ को निर्वाचनमा एमालेले समानुपातिकतर्फ २४ हजार २ सय ७१ मत प्राप्त गरेको थियो भने कांग्रेसले १८ हजार ६ सय ७२ मत पाएको थियो। तत्कालीन माओवादी केन्द्रले ११ हजार ८ सय ४५ र एकीकृत समाजवादीले ३ हजार ३ सय ६३ मत पाएका थिए। हाल माओवादी केन्द्र र एकीकृत समाजवादी एकता भएर नेकपा बनेकाले ती दुवैको मत जोड्दा करिब १५ हजार २ सय ८ मत हुने विश्लेषण गरिँदै आएको छ।

प्रत्यक्षतर्फ हेर्दा एमालेले २०४८, २०५१, २०७० र २०७४ सालको निर्वाचन जितेको इतिहास छ। कांग्रेसले भने २०५६ सालमा मात्रै जित निकालेको थियो।

२०७४ को निर्वाचनमा एमालेका विशाल भट्टराई निकटतम प्रत्याशीसँग निकै फराकिलो अन्तरले विजयी भएका थिए। उनले ३७ हजार ८३७ मत पाउँदा निकटतम प्रत्याशी कांग्रेस उम्मेदवार सरस्वती बजिमयको मत २३ हजार ४६५ थियो। २ हजार ४९४ मतका साथ नयाँ शक्तिका मदनकुमार राई तेस्रो र २ हजार ३७७ मतका साथ संघीय समाजवादी फोरमका कृष्णकुमार राई चौथो स्थानमा थिए।

यसपटक एमालेभित्र देखिएको आन्तरिक धार-उपधारको असर मत परिणाममा पर्न सक्ने राजनीतिक विश्लेषकहरूको भनाइ छ। उता कांग्रेस भने वीरकाजी राई उम्मेदवार बनेपछि तुलनात्मकरूपमा एकताबद्ध देखिएको छ।

नयाँ खुलेका दलहरू र स्वतन्त्र उम्मेदवारहरूले पनि परिवर्तनलाई मुख्य एजेण्डा बनाएर मतदाता रिझाउने प्रयास गरिरहेका छन्। पछिल्लो समय नयाँ पुस्तामा राजनीतिक चेतनाको स्तर बढ्दै गएकाले यसपटकको निर्वाचनमा कसको पक्षमा पासा पल्टिन्छ भन्ने कुरा सहजै भन्न नसकिने अवस्था रहेको विश्लेषकहरू बताउँछन्।

निर्वाचनका लागि जिल्लामा १ सय ३६ वटा मतदान स्थल र १ सय ९५ वटा मतदान केन्द्र निर्धारण गरिएका छन्। तीमध्ये २१ वटा अति संवेदनशील, ६४ वटा संवेदनशील र ५१ वटा सामान्य श्रेणीमा राखेर सुरक्षा व्यवस्था मिलाइएको मुख्य निर्वाचन अधिकृत फणिन्द्रप्रसाद पराजुलीले जानकारी दिएका छन्। उम्मेदवारहरू जनताको घरदैलोमा पुगेर हात जोड्दै मत माग्न थालेपछि खोटाङमा चुनावी माहोल थप तातिएको छ।

सीआइबीको असई भन्दै ठगी गर्ने महिला पक्राउ

बालबिक्रम कार्की
रौतहट, माघ २५

आफूलाई केन्द्रीय अनुसन्धान ब्युरोको असई भन्दै सर्वसाधारणलाई ठगी गर्दै आएको आरोपमा एक महिला रौतहटबाट पक्राउ परेकी छन्। पक्राउ पर्नेमा सर्लाहीको बरहथवा-६ स्थायी घर भई कबिलासी-१० सलेमपुर टोल बस्दै आएकी ३५ वर्षीया निर्मला महतो छिन्।



उनले आफ्नो नाम कतै नेहा, कतै नीशा तथा कतै पुनम कुमारी भन्दै ठगी गर्दै आएको जाहेरी प्रहरीमा परेको थियो। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख डीएसपी रुपा लाबुङका अनुसार महतोविरुद्ध सर्लाही, लालबन्दीका राजेश्वर साह, रौतहट चन्द्रपुरका सन्तोषबहादुर विश्वकर्मा, प्रवीण साह तथा गुजरा नगरपालिकाका विजय साहले लाखौं रुपैयाँ ठगी गरेको जाहेरी दिएका थिए।

राजेश्वर साहसँग करिब एक वर्षअघि सर्लाहीको नवलपुर बजारमा महतोसँग चिनजान भएको थियो। महतोले आफू सीआईबीको असई भएको, नवलपुरमै डेरा गरी बस्ने तथा मलंगवा भन्सारका कर्मचारीहरूसँग राम्रो सम्बन्ध रहेको बताउँदै सस्तोमा स्कारपियो गाडी निकालिदिने भन्दै लोभ देखाएकी थिइन्। साह मक्ख परेका थिए। पुरुषको नाममा गाडी निकाल्दा कर बढी लाग्ने भन्दै उनले साहकी श्रीमती पुनम कुमारीको सक्कल नागरिकता र ६-७ थान पासपोर्ट साइज फोटो लिई भन्सार कर तिर्नुपर्ने बहानामा १ लाख ५० हजार रुपैयाँ ठगेको जाहेरी परेको डीएस्पी लाबुङले बताइन्।

महतोले पुनम कुमारीको सक्कल नागरिकता र फोटो प्रयोग गरी आफू नै पुनम कुमारी भएको झुटो विवरण दिँदै इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुरबाट राष्ट्रिय परिचयपत्र बनाएकी थिइन। त्यसपछि माछापुच्छ्रे बैंक लिमिटेड, चन्द्रपुर शाखामा पुनम कुमारीको नाममा खाता खोल्दै चेक प्रयोग गरी ठगी कार्य गर्दै आएको खुलेको प्रहरीको भनाइ छ।

आफू सीआईबीको असई भएको बताएर महतोले चन्द्रपुरका सन्तोषबहादुर विश्वकर्माको ज्वेलर्स पसलबाट २ लाख ७४ हजार बराबरको सुनचाँदी उधारोमा खरिद गरेकी थिइन। तर, उनी पैसा तिर्न फर्केर नआएपछि विश्वकर्मा पनि प्रहरीकहाँ पुगेका थिए। यस्तै गुजरा नगरपालिकाका विजय साह बनियाँसँग घरायसी समस्या देखाएर ५ लाख नगद सापटी लिएर नतिरेको, चन्द्रपुरका प्रवीण साहको किराना पसलबाट उधारोमा सामान खरिद, स्कारपियो गाडी भाडामा लिई १ लाख २६ हजार नतिरेको र खातामा पर्याप्त रकम नभएको माछापुच्छ्रे बैंक चन्द्रपुर शाखाको चेक काटी विभिन्न व्यक्तिलाई दिएको खुलेको प्रहरीले जनाएको छ। महतोलाई थुनामा राखेर ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभसम्बन्धी कसूरमा मुद्दा अघि बढाउन अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।

प्रहरी बनेर ५ लाख ठगी

हुन्डी कारोबार सम्बन्धी कसुरमा पक्राउ परेको छोरालाई छुटाइदिन्छु भन्दै ठगी गर्ने गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा काठमाडौंको तारकेश्वर-८ नेपालटार बस्ने नुवाकोटको लिखु-१ का ४० वर्षीय दीप्क थापा छन्।

उनले दाफुरी शेर्पाको घरमा गइ आफूलाई 'प्रहरी हुँ, तपाईंको छोरालाई छुटाइदिन्छु' भन्दै आमाबाट ५ लाख रुपैयाँ ठगी गरेको जाहेरी परेपछि प्रहरीले खोजी गरिरहेको थियो। काठमाडौंको बानियाँटारबाट उनलाई पक्राउ गरिएको काठमाडौं जिल्ला प्रहरी परिसरले जनाएको छ।

गत मंसिर १५ मा हुन्डी कारोबार सम्बन्धी कसुरमा पक्राउ परेका शेर्पा थुनानमा छन्। उनीविरुद्ध मुद्दा चलिरहेको छ।

रेशमले उम्मेदवार हुन नपाउने

काठमाडौं। रेशम चौधरीले उम्मेदवार बन्न नपाउने भएका छन्। सर्वोच्च अदालतले नागरिक उन्मुक्ति पार्टी, नेपालका संरक्षक चौधरीलाई कैलाली क्षेत्र नं १ बाट उम्मेदवार बन्न दिनुपर्ने माग गर्दै दायर रिट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको हो।

न्यायाधीशद्वय सारङ्गा सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले आइतबार उक्त विवादमा सुनुवाइपछि अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो। आदेशमा भनिएको छ, 'उक्त संवैधानिक एवं कानुनी व्यवस्थाको व्याख्या प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाइको बखत हुने हुँदा सुविधा सन्तुलनको दृष्टिबाट मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। नियमानुसार पेस गर्नू।'

चौधरीको उम्मेदवारीविरुद्ध निर्वाचन आयोगमा उजुरी परेको थियो। कैलाली-१ का निर्वाचन अधिकृतले उनको उम्मेदवारी खारेज गरेपछि उक्त निर्णयविरूद्ध चौधरी सरुट लिएर सर्वोच्च अदालत पुगेका थिए। ***रासस***

कांग्रेसले प्रतिस्पर्धी उम्मेदवारलाई गाली नगर्ने

निर्वाचनको मैदानलाई स्वस्थ र हार्दिक बनाउने कर्तव्य मूलतः दलहरूकै हो, यसमा अन्य सबै दललाई घच्घच्याउने भूमिकासमेत कांग्रेसले निर्वाह गर्नेछ

काठमाडौं (संवाददाता)- सबैजसो निर्वाचनमा आफू राम्रो, अरु दल र उम्मेदवार नराम्रो भन्नु चलन जस्तै बनेको छ। एकअर्काविरुद्ध चर्को गालीगलौज संस्कारजस्तै रहिआएको छ। तर, कांग्रेसले यसपटक निर्वाचनको प्रचारका क्रममा कसैलाई पनि गाली नगर्ने नीति लिएको छ। अन्य दलका उम्मेदवारलाई गाली नगर्ने भएको हो। नयाँ संस्कार बनाउने भन्दै प्रतिस्पर्धी उम्मेदवारलाई गाली नै नगर्ने नीति पारित गरेको हो।

पार्टीको कार्यसम्पादन समितिको आइतबार भएको भर्चुअल बैठकमा उपसभापति विश्वप्रकाश शर्माद्वारा प्रस्तुत 'नेपाली कांग्रेस प्रतिनिधि सभा निर्वाचन परिचालन निर्देशिका -२०८२' र 'नेपाली कांग्रेस सार्वजनिक कार्यक्रम व्यवस्थापन निर्देशिका– ०८२' लाई परिमार्जनसहित पारित गरेको छ। यसरी बैठकबाट पारित निर्वाचन परिचालन निर्देशिकामा प्रचारप्रसारका क्रममा गाली नगर्ने उल्लेख छ।

निर्देशिकामा भनिएको छ, 'नेपाली कांग्रेस आफ्ना प्रतिस्पर्धी पार्टीहरू र तिनका उम्मेदवारहरूबारे स्वस्थ टिप्पणी गर्ने, आलोचना गर्नुपर्दा विषयगत तर्कका साथ गर्ने तर गाली नगर्ने नीति अख्तियार गर्दछ।' निर्वाचन परिचालन समितिका संयोजक समेत रहेका उपसभापति शर्माको नेतृत्वमा कांग्रेसले यस्तो निर्देशिका बनाएको हो। शर्मा विपक्षीप्रति पनि सद्भाव राख्ने र राजनीति संस्कारयुक्त हुनुपर्ने पक्षमा वकाल गर्दै आउका नेता हुन्। उनले यसअघि झापा-१ मा चुनाव लड्दा पनि प्रतिस्पर्धीमाथि गाली नगर्ने नीति लिएका थिए। निर्वाचनको मैदान दुश्मनीको अखडा नभइ विचार र व्यक्तित्व प्रतिस्पर्धाको महायज्ञ बनाउनुपर्नेमा कांग्रेस निर्देशिकाले जोड दिएको छ। 'निर्वाचनको मैदानलाई स्वस्थ र हार्दिक बनाउने कर्तव्य मूलतः दलहरूकै हो, यसमा अन्य सबै दललाई घच्घच्याउने भूमिकासमेत कांग्रेसले निर्वाह गर्नुछ र गर्नेछ,' निर्देशिकामा उल्लेख छ।

उपसभापति शर्माले कांग्रेस उम्मेदवार घृणास्पद, उत्तेजक र भड्काउ प्रकृतिका अभिव्यक्ति दिनबाट टाढा रहने र सुसंस्कृत राजनीतिको अभ्यास गर्ने बताए। सामान्य र स्वस्थ प्रकृतिको व्यङ्ग्य निर्वाचन मैदानमा स्वाभाविक भए पनि सार्वजनिक प्रस्तुति सम्पूर्णतः संयमित र परिपक्व रहने कांग्रेसले जनाएको छ।

अनुशासन समिति गठन

कांग्रेसले केन्द्रीय सदस्य तारामान गुरुङको नेतृत्वमा ३ सदस्यीय अनुशासन समिति गठन गरेको छ। कार्यसम्पादन समितिको बैठकले अनुशासन समिति गठन गर्ने निर्णय पनि गरेको हो। समितिमा केन्द्रीय सदस्यहरू धना खतिवडा र सुवासकुमार पोखरेल सदस्य रहेको प्रवक्ता देवराज चालिसेले जानकारी दिए। कांग्रेस विधानमा ५ सदस्यीय अनुशासन समितिको व्यवस्था छ।

गुमनाम देउवा...

पुस २७ देखि ३० गतेसम्म देउवा महाराजगञ्ज निवासबाटै सक्रिय भए। उनले कांग्रेसका आफू निकट नेता, शेखर पक्षका नेता र केही कानुन व्यवसायीहरूसँग पनि यो अवधिमा बाक्लै छलफल गरे। त्यसबीचमा तत्कालीन महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले भेट्न खोजेपछि देउवाले समय नदिएको उनी निकट स्रोत बताउँछ।

पुस ३० मा विशेष महाधिवेशनले कांग्रेस सभापतिमा गगन थापालाई निर्वाचित गर्दै नयाँ कार्यसमिति गठन गर्‍यो। देउवा त्यसविरुद्ध उभिए। उनले शेखर कोइराला पक्षलाई पनि लिएर टोली निर्वाचन आयोग पठाए। निर्वाचन आयोगले उनीहरूको निवेदनलाई नहेरेर थापाको नेतृत्वमा भएको विशेष महाधिवेशनलाई आधिकारिकता दियो। आयोगको त्यो निर्णयविरुद्ध माघ ४ मा देउवा र कोइराला समूह सर्वोच्च अदालत गयो। तर, उक्त मुद्दा अदालतमै विचाराधीन छ। आयोगले थापालाई मान्यता दिए पनि देउवा पक्षले केन्द्रीय कार्यालय छाडेको थिए। तर, आन्तरिक संवादसँगै देउवा पक्षले केन्द्रीय कार्यालय छाडिदियो। निर्वाचित भएको १० दिनपछि सभापति थापाले केन्द्रीय कार्यालय पुगेर बल्ल पदभार ग्रहण गरे। सभापति देउवाको तस्बिर माघ ९ बाट पूर्वसभापतिहरूको लहरमा सारिएको छ।

सभापतिका रुपमा थापाले प्रतिनिधिसभा चुनावका लागि १ सय ६५ निर्वाचन क्षेत्रमा टिकट वितरण गरे। देउवा पक्ष र निकट नेताहरू थापाकै हस्ताक्षरको टिकट लिएर चुनावी मैदानमा छन्। उनका विश्वासपात्र विमलेन्द्र निधि, प्रकाशशरण महत, ज्ञानेन्द्रबहादुर कार्की र स्वयं शेखर कोइराला, मीनेन्द्र रिजाल कांग्रेस सभापति थापाकै हस्ताक्षरको टिकट लिएर चुनावमा होमिए। तर, देउवाले माघ ५ मध्यरातमा फागुन २१ को चुनावमा उम्मेदवार नबन्ने घोषणा गरेका थिए। 'शेरबहादुर देउवाज्यू आगामी प्रतिनिधिसभा निर्वाचनमा उमेदवार नहुने जानकारी गराउँछु,' देउवाका स्वकीय सचिव भानु देउवाले जानकारी गराएका थिए।

त्यसपछि देउवा माघ १२ मा पत्नी आरजु राणाको जन्मदिन मनाउँदै गरेका देखिए। आरजु निकट केही नेताहरूले उनको ६३औं जन्मदिन मनाएको तस्बिर सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्दा साथमा देउवा पनि देखिएका थिए। उनी भेट्न आउनेसँग भेट्ने र स्वास्थ्य अझै पूर्ण सुधार नभइसकेकाले अधिकांश समय आराम गरेर बस्ने गरेको उनको पारिवारिक स्रोत बताउँछ।

२०४८ सालयताका चुनावमा देउवा डडेल्धुरामा कांग्रेसबाट सदाबहार उम्मेदवार थिए। डडेल्धुराबाट उनी सात पटक निर्वाचित भए पनि ५ पटक प्रधानमन्त्री नै बने। ०४८, ०५१, ०५६, ०६४, ०७०, ०७४ र ०७९ मा विजयी देउवाले जितेको डडेलधुरामा यसपटक कांग्रेसका नैनसिंह महर उम्मेदवार छन्। देशमा कांग्रेसले अबकी बार १०० पारको नारा लगाइरहँदा देउवा भने महाराजगञ्जस्थित डेरामै दिन बिताइरहेका छन्। आफूलाई भेट्न आउनेका कुरा सुन्ने देउवाले अहिले खासै प्रतिक्रिया नदिने गरेको केही दिन अघि देउवासँग भेट गरेका एक नेताले बताए।

उसो त, देउवाले आफूले अवैध भनेको केन्द्रीय समितिले दिने टिकट लिएर चुनाव नलडेर नैतिकता देखाएको उनी समर्थक बताउँछन्। प्रतिकूल समयमा संयम बस्न सक्ने देउवाले अझै पार्टी वैधतामा सर्वोच्च अदालतको फैसला आफ्नो पक्षमा आउने आशा भने मारिसकेका छैनन्। उनले भेट्न आउनेहरूसँग निर्वाचन आयोगको निर्णय कानुनसम्मत नभएको भन्दै अदालतले न्याय दिने आशा भने मारिसकेका छैनन्।

चेक बाउन्स...

सर्वोच्चको आदेशसँगै चेक अनादर मुद्दामा गरिएको खुकुलो सजायको प्रावधानमा अंकुश लागेको छ।

अधिवक्ताद्वय राजकुमार सुवाल र सागर अधिकारीले दायर गरेको फरक-फरक रिटमा जारी भएको अन्तरिम आदेशमा २०८२ वैशाख २३ सम्म भएको कारोबारको हकमा प्रस्तुत निवेदनको अन्तिम टुंगो नलाग्दासम्म कार्यान्वयन नगर्न भनिएको छ। सर्वोच्चले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली २०७२ को नियम १९ को उपनियम (४) बमोजिम अन्तरिम आदेश जारी गरेको जनाएको छ।

विनिमेय अधिकार पत्र ऐन २०३४ को दफा १०७(क)मा बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानीजानी कुनै व्यक्तिलाई दिएको चेक पर्याप्त रकम नभएको कारणले नसाटिएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याजसमेत भराई तीन महिना कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना हुनसक्ने व्यवस्था थियो। तर, तत्कालीन केपी ओली नेतृत्वको सरकारले संसद्मार्फत केही नेपाल ऐन संशोधन गरी कडा सजायको प्रावधान हटाएर खुकुलो व्यवस्था राखेको थियो।

त्यसलगत्तै अधिवक्ताद्वय सुवाल र अधिकारीले ऐन संशोधनविरुद्ध रिट निवेदन दायर गरेका थिए। सर्वोच्चले दुवै रिटलाई संवैधानिक इजलासमा लगेका थियो। ऐन संशोधनले विनिमेय अधिकार पत्र ऐन २०३४ को दफा १०८ को ५ वर्षे हदम्यादसम्बन्धी कानूनी व्यवस्थालाई समेत संकुचित तुल्याउन सक्ने र संविधान प्रदत्त व्यक्तिको साम्पत्तिक र न्यायिक उपचारको मौलिक हकमाथि बन्देज गर्न सक्ने भन्दै सर्वोच्चले निवेदकको मागबमोजिम अन्तरिम आदेश दिएको उल्लेख छ।

'सामाजिक सञ्जालमा...

प्राधिकरण कर्मचारी सेवा, शर्त नियमावली २०७५ मा व्यवस्था भएबमोजिमको आचरणको उल्लघंन हुने गरी सामाजिक सञ्जालमा कार्यालयको पत्र तथा अन्य अनावश्यक पोष्टहरू नराख्न सूचित गरिएको छ।

अनावश्यक पोष्ट राखेमा वा प्रतिक्रिया दिएमा त्यस्ता कर्मचारीको विवरण संकलन गरी विनियममा भएको व्यवस्थाबमोजिम विभागीय कारबाहीसमेत हुने सूचनामा छ।

आजको राशिफल

मेष
आज काममा अलि बढी जिम्मेवारी आउन सक्छ। हतार नगरी योजना बनाएर अघि बढे सफलता मिल्छ। परिवारको साथले मन हलुका बनाउनेछ।

वृष
आर्थिक पक्ष मजबुत बन्ने संकेत छन्। अघिदेखि अड्किएका काम आज अघि बढ्न सक्छन्। स्वास्थ्यमा भने खानपानमा ध्यान दिनु राम्रो।

मिथुन
कुराकानी र विचार आदान-प्रदानबाट फाइदा हुनेछ। नयाँ चिनजान बन्न सक्छ। अनावश्यक विवादबाट टाढा रहनु नै बुद्धिमानी हुन्छ।

कर्कट
भावनात्मक पक्ष बलियो रहने दिन हो। घर-परिवारसँग समय बिताउँदा मानसिक सन्तुलन मिल्छ। खर्च बढ्न सक्छ, नियन्त्रण जरुरी।

सिंह
नेतृत्व क्षमता देखिने दिन छ। काममा प्रशंसा पाइने सम्भावना छ। अहंकार बढ्न नदिनुहोस्, सहकार्यले नै सफलता दिलाउँछ।

कन्या
सूक्ष्म सोच र मेहनतको फल आज देखिन सक्छ। पढाइ, लेखन वा अनुसन्धानमा राम्रो प्रगति हुन्छ। स्वास्थ्य सामान्य रहन्छ।

तुला
सम्बन्ध सुधार्ने अवसर आउन सक्छ। पुराना गलतफहमी हट्ने संकेत छन्। निर्णय गर्दा मन र दिमाग दुवै सन्तुलनमा राख्नुहोस्।

वृश्चिक
गोप्य योजना सफल बन्न सक्छ। आत्मविश्वास बढ्नेछ। तर रिस र आवेग नियन्त्रण गर्न सके दिन अझ राम्रो बन्छ।

धनु
यात्रा वा नयाँ अनुभवको योग छ। सिकाइ र विस्तारको दिन। खर्च बढ्न सक्छ, तर त्यसले खुसी पनि दिन सक्छ।

मकर
कामकाजी जीवनमा स्थिरता आउने संकेत। धैर्य र अनुशासनले लक्ष्यको नजिक पुर्‍याउँछ। परिवारको अपेक्षा पूरा गर्न सकिनेछ।

कुम्भ
नयाँ विचार र सिर्जनशीलता फस्टाउने दिन छ। मित्रहरूको साथले उत्साह बढ्छ। भविष्यसम्बन्धी योजना बनाउन उपयुक्त समय रहेको छ।

मीन
आध्यात्मिक वा मानसिक शान्ति खोज्ने मनस्थिति बन्न सक्छ। ध्यान, प्रार्थना वा एकान्त समय उपयोगी हुन्छ। भावनामा बगेर निर्णय नगर्नुहोस्।

जसले विश्वास दिन्छ, उसैलाई भोट

म्याग्दी । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै जाँदा हिमाली जिल्ला म्याग्दीमा चुनावी सरगर्मी बढ्दै गएको छ। जनभेटघाटका लागि गाउँबस्तीमा पुगेका उम्मेदवारहरूले मतदातालाई रिझाउन प्रयासरत छन् ।

निर्वाचन प्रचारप्रसारका क्रममा मतदातालाई ढोग्ने, वृद्धवृद्धाबाट आशीर्वाद लिने, अंगालो हाल्ने, हात समातेर पाँचसात पाइलासँगै हिँड्ने, दुःखसुखका बारेमा सोधपुछ गर्ने, छोराछोरी र परिवारको हालखबर लिनेजस्ता आत्मीय भाव झल्किने व्यवहार प्रदर्शन गरेर जनताजनार्दनको मन जित्ने प्रयास पनि भइरहेको छ। चुनाव जितेर गएपछि पनि यस्तै आत्मीयता दर्शाउने हो भने जनतालाई किन दुःख हुँदो हो, नेता र राजनीतिप्रति किन वितृष्णा पैदा हुँदो हो ।

उम्मेदवारहरूले देखाएको व्यवहार मौसमी हो भन्ने मतदाताले बुझेका छन् । मतदाता उम्मेदवारलाई पेचिला प्रश्न गरिरहेका छन् । सचेत मतदाताले उम्मेदवारलाई राष्ट्रिय, अन्तरराष्ट्रिय राजनीति र परिवेशका मुद्दादेखि जेनजी आन्दोलनपछि उत्पन्न नेपालको अवस्था र यसको निकासका लागि राजनीतिक दल र चुनाव जितेपछि उम्मेदवारको भूमिकाका बारेमा प्रश्न गरिरहेका छन् ।

सामान्य मतदाता भने विशेषगरी पुराना रानीतिक पार्टीका उम्मेदवारलाई अहिलेसम्म के गर्‍यौ भनेर आफूले विगतका निर्वाचनमा दिएका मतको हिसाबकिताब मागिरहेका छन् । तिनै मतदाताहरूसँग नयाँ उम्मेदवार पुग्दा उनीहरूको प्रश्न हुन्छ, 'एक्लै के गर्न सकौला र ? ।'

घरदैलो अभियानअन्तर्गत भोट माग्दै गाउँगाउँमा पुगेका उम्मेदवारलाई ठूलाठूला आश्वासन होइन जनताका आधारभूत समस्यामा केन्द्रित हुन मतदाताले आग्रह गरेका छन् । एउटा मात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा उम्मेदवार बिहानदेखि राति अबेरसम्म टोलटोलमा चुनावी प्रचारप्रसारमा व्यस्त छन् । घरदैलो कार्यक्रमलाई उम्मेदवारले तीव्रता दिएका छन् । जसरी भए पनि नतिजा आफ्नो पक्षमा पार्ने प्रतिस्पर्धामा उत्रिएका उम्मेदवार भ्याइनभ्याइ दौडधुप गरिरहेका छन् । तर मतदाताहरूले भने रोजगारी, बाटोघाटो तथा पुल निर्माण, पर्यटन तथा कृषि क्षेत्रको विकासलगायत विकास निर्माणका कामलाई प्राथमिकतामा राख्नेका पक्षमा मतदान गर्ने हाकाहाकी बताइरहेका छन् ।

आश्वासनभन्दा उम्मेदवारको कार्यशैली, क्षमता तथा इमान्दारीजस्ता पक्षलाई विचार गरेर मतदान गर्ने उनीहरूको भनाइ छ। जनताले भोग्नुपरेका वास्तविक समस्यालाई जसले सम्बोधन गर्छ उसैलाई अवसर दिनुपर्ने भन्दै यहाँका मतदाताहरूले गाउँगाउँमा सामूहिक छलफलसमेत गर्न थालेका छन् ।

म्याग्दीबाट शिक्षा विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिएर स्वतन्त्ररूपमा उम्मेदवार बनेका डा महावीर पुनका कारण यहाँको चुनावी माहोललाई निकै चासो दिइएको छ।

'अब उही पुरानै पाराको आश्वासन र लोकाचारका कुरामा भोट दिइँदैन। जसले हाम्रा आधारभूत समस्या समाधान गर्ने प्रतिज्ञा गर्दछ उसैलाई यसपटकको निर्वाचनमा भोट हालिन्छ,' बेनी नगरपालिका-२ का मतदाता पूर्णबहादुर खत्रीले भने। एक निर्वाचन क्षेत्र रहेको म्याग्दीमा एक स्वतन्त्रसहित विभिन्न राजनीतिक दलका गरी १२ जना उम्मेदवार चुनावी मैदानमा छन् । नेकपा एमालेबाट हरिकृष्ण श्रेष्ठ, नेपाली कांग्रेसबाट कर्णबहादुर भण्डारी र नेपाली कम्युनिष्ट पार्टी नेकपाबाट अर्जुनबहादुर थापा उम्मेदवार रहेका छन् ।

यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीबाट युवराज रोका, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट डम्बरबहादुर सुवेदी

प्रतिनिधिसभा निर्वाचन म्यागदी

चुनावी प्रतिस्पर्धामा छन् । राष्ट्रिय जनमोर्चाबाट छेमबहादुर विक, श्रम संस्कृति पार्टीबाट विनोद राना, नेपाल कम्युनिष्ट पार्टी माओवादीबाट क्षेत्रबहादुर घिमिरे, मंगल नेसनल अर्गनाइजेसनबाट भीमबहादुर लामा, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट देवेन्द्र कामी, नेसनल रिपब्लिकन नेपालका तुलप्रसाद गर्बुजा र स्वतन्त्रबाट महावीर पुन चुनावी प्रतिस्पर्धामा छन् । जेनजी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमका बीच हुन गइरहेको आसन्न निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पाटीलाई स्वतन्त्र उम्मेदवार डा पुन चुनौतीका रूपमा देखिएका छन् ।

स्थानीयको अनुमानमा यो पटक म्याग्दीमा कांग्रेस, एमाले, नेकपा र स्वतन्त्र उम्मेदवार महावीर पुनबीच प्रतिस्पर्धा हुने देखिएको छ। यसअघि २०७९ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेस म्याग्दीका सभापति खमबहादुर गर्बुजा खम्वीरले २४ हजार २१ मत प्राप्त गरेका थिए भने निकटम प्रतिद्वन्द्वी नेकपा एमालेका हरिकृष्ण श्रेष्ठले २० हजार १८९ मत प्राप्त गरेका थिए ।

'अहिले साविकका राजनीतिक दलबाट मात्र उम्मेदवार छैनन्, नयाँ दल र स्वतन्त्रबाट उम्मेदवार छन्,' मंगला गाउँपालिका-४ का टेकनाथ सापकोटाले भने, 'अघिल्ला निर्वाचनमा जनतासँग पुराना दलको विकल्प थिएन, तर यसपटक भने जनतासँग विकल्प छ, त्यसैले जसले आधारभूत समस्या समाधानका लागि विश्वास दिलाउँछ उसैलाई मत दिइन्छ ।' जनताको यही मनोभावलाई बुझेर होला उम्मेदवारले पनि मतदाता भेटघाटका क्रममा स्थानीय समस्यालाई नै केन्द्रमा राखेर समाधान गर्ने प्रतिबद्धता जनाउँदै आएका छन् ।

एक नगरपालिका र पाँच गाउँपालिकामा समेटिएको म्याग्दीमा निर्वाचनका लागि कुल ८६ हजार ३९७ मतदाताले मतदान गर्न पाउनेछन् । सोमध्ये अन्य एक जना, महिला ४४ हजार ६४ र पुरुष ४२ हजार ३३२ रहेका छन् । निर्वाचनका लागि जिल्लामा ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र कायम गरिएको छ। ***रासस***

नेताका लस्कर मुसहर बस्तीमा

महोत्तरी, माघ २५ । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ नजिकिँदै गर्दा अहिले विभिन्न राजनीतिक दलका नेताहरू जनताका घरदैलोमा पुग्न थालेका छन् । विगत तीन वर्षमा एकपटक पनि नेता नपुगेको महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-३ खैरा गाउँमा अवस्थित मुसहर बस्तीमा पनि यतिखेर नेताहरू पुग्न थालेको सो बस्तीका अगुवा अमृत सदाले बताए। उनका अनुसार सधैं बेलुका ७/८ बजे सुतिसक्ने यहाँका बासिन्दा अहिले राति १/२ बजेसम्म पनि जाग्राम बस्छन् । बस्तीमा दिनहुँजसो नेताहरूको चहलपहल बढ्न थालेपछि यहाँका मुसहरहरू रातिसम्म नै जाग्राम बस्न थालेका हुन् ।

पहिले पहिलेका चुनावमा जस्तै अहिले पनि यस मुसहर बस्तीमा नेताहरू पुगेर आश्वासन बाँड्न थालेको भए पनि यस बस्तीका बासिन्दामा नेताहरूले कुनै काम गरिदिने विश्वास भने छैन । उनीहरू पहिलेजस्तै नेताहरूको आश्वासन सुन्न मात्र भए पनि राजनीतिक दलका कार्यक्रमहरूमा सहभागी हुने र आफ्ना विगत लामो समयदेखिका पुरानै माग राख्ने गरेको उनीहरूको भनाइ छ ।

'विसं २०७९ को निर्वाचनमा सो बस्तीमा पुगेका नेताहरूले आफू जितेपछि मुसहर समुदायका लागि दर्जनौं योजना तथा कार्यक्रम ल्याउने आश्वासन बाँडेर चुनाव जितेका थिए। तर ती नेताहरू मुसहर बस्तीमा एकदिन पनि पुग्न सकेका छैनन्। अहिले मुसहर बस्तीका मतदाता नेताको रङ फेरियो, बस्ती फेरिएन भनेर दुःख व्यक्त गर्ने गर्दछन्,' अगुवा मुसहर अमृतले भने, 'सबै चुनावमा लालपुर्जा बन्ने आशले नेतालाई भोट दिन्छु। तर अहिलेसम्म कुनै पनि नेताले मुसहरको लालपुर्जा बनाइदिएन् अब यसपालिको चुनावमा भने हामी निकै सोचविचार गरेर मात्र मत दिने योजना बनाएका छौं ।'

महोत्तरीको सदरमुकाम जलेश्वर बजारबाट मात्रै एक किलोमिटर दूरीमा रहेको खैरा गाउँका मुसहर समुदाय कुनै नेतालाई भेट्न जाँदा नेताहरू बेवास्ता गर्ने गरेको, कसैको कुरा सुन्न तयार नहुने गरेको र कुनै कामकाज लिएर जाँदा पनि सहयोग नगर्ने गरेको अनुभव सुनाउँछन् । बस्तीका ६३ वर्षीया मुसहर महिला तेतरी सदाले दुःखेसो गर्दै भने, 'मुसहरलाई आपत विपद् पर्दा पनि जनप्रतिनिधिलाई बस्तीमा बोलाउँदा आउँदैनथे। फोन गर्दा उठाउँदैनथे र समस्या सुनाउँदा पनि पन्छिने गर्दथे।' तर त्यही बस्तीमा अहिले नियमित नेताहरूको भिड लाग्न थालेको छ। चुनावको मिति नजिकिँदै जाँदा अहिले दिनहुँ आएर नेताहरू फेरि आफूले आसन्न निर्वाचनमा मुसहरको मत पाएर जितेपछि समुदायमा विकासको लहर ल्याउने भाषण सुरु गरिसकेका छन् । मुसहर मतदातालाई अहिले नेताको भाषण सुन्न भ्याइनभ्याइ रहेको बस्तीका अर्का ७३ वर्षीया महिला सिलिया सदाले बताए।

जलेश्वर नगरपालिका-३ खैरा गाउँमा करिब ९० घर मुसहर समुदायको बस्ती छ। तर उनीहरूका लागि न शौचालयको व्यवस्था छ, नत खानेपानीकै सहजता। सिंगो बस्तीमा एक थान मात्रै ह्याण्डपम्प छ भने प्रत्येक ८/१० घरमा एउटा शौचालय छ। त्यो पनि तीन वटा रिङ भएको। जुन एक/दुई महिनामै भरिन्छ। त्यसपछि वनमै शौच गर्ने बाध्यता रहने गरेको स्थानीय ४८ वर्षीया महिला सुकमरिया सदाले बताए।

सुकमरियाका अनुसार नेताहरूले सो बस्तीमा विकास गरिदिने आश्वासन बाँडेर प्रत्येक चुनावमा आफूहरू नेताको भाषण सुन्न जाने गरेको र भरोसा गरेर मत पनि दिने गरेको बताउँदै तर बस्तीमा खानेपानी, नाला र सडकको वर्षौंदेखिको आवश्यकता अहिले पनि यथावत् नै रहेको सुनाए। सबै चुनावमा घर बनाइदिने, खानेपानी पाइप, स्कूल, नालालगायतका विकासको काम गरिदिने आशले नेतालाई भोट दिने गरे पनि अहिलेसम्म बन्न नसकेको स्थानीय लड्डुले बताए।

भारतीय सीमासँग जोडिएको यो जलेश्वर नगरपालिका महोत्तरी जिल्लाको सबै भन्दा गहिरो ठाउँ हो। वर्षातका बेला घरघरमा पानी पस्छ। मुसहर बस्ती ऐलानी जमिनमा छ। ९० घरधुरी रहेको यो बस्तीमा करिब १७५ जनासँग नागरिकतासमेत छैन भने उनीहरू पुस्तौं पुस्तादेखि यहीँ बस्दै आएका छन्। बुबाको नागरिकता नभएकै कारण छोराछोरीको जन्मदर्ता नबन्दा यो बस्तीका बालबालिकालाई विद्यालय जान पनि समस्या छ।

स्थानीय अर्जुन सदा भन्नुहुन्छ, 'बस्तीमा एउटा मात्र चापाकल (खानेपानी पाइप) छ। यसले नपुग्दा गर्मीमा पानीको हाहाकार हुन्छ। लालपुर्जा नहुँदा घरबारविहीन हुने चिन्ता छ। नाला नबन्दा वर्षातमा उनीहरूको घर डुब्छ। त्यसैले हरेक निर्वाचनमा उनीहरूले यी माग अघि सार्छन् र बढी आश्वासन दिने नेतालाई मत दिन्छन्। तर, उनीहरूका माग अहिलेसम्म पूरा भएका छैनन्।'

खैरा गाउँभरि बिजुली बत्ती पुगे पनि गाउँमै रहेको मुसहरबस्ती वर्षौंदेखि अध्याँरो रहेको छ। गरिबी र विपन्नताले गर्दा कतिले बिजुली जडान नै गर्न सकेका छैनन् भने एक/दुई जनाले जडान गर्न चाहे पनि बसोबास गर्दै आएको जग्गाको लालपुर्जा नहुँदा मिटर पाउन सकेका छैनन्। गाउँमा बिजुली बत्ती छ, तर लालपुर्जा नभएकालाई विद्युत् कार्यालयले मिटर दिँदैन। स्थानीय सिरिया सदाले भने, 'मुसहर बस्ती अझै उस्तै छ। यहाँका सबै सधैं अभावमा बाँचिरहेका छन्। यो बस्तीमा नेता चुनावका बेलामा मात्रै आउँछन्। मत पाएपछि नेताको रङ फेरिन्छ। तर बस्तीको रङ फेरिँदैन। प्रत्येक निर्वाचनमा नेताले झुठो आश्वासन दिएर बस्तीको भोट बटुल्ने काम मात्रै गरेका छन्।'

नेपाल सरकारले देशलाई खुला दिसामुक्त घोषणासमेत गरिसकेको अवस्थामा यस बस्तीमा शौचालय नहुँदा खुला ठाउँमा शौच गर्नुपर्ने बाध्यता छ। सबै नेताहरूले बस्तीमा सार्वजनिक शौचालय बनाइदिने आश्वासन दिए पनि कसैले पूरा नगरेको स्थानीय बिरु सदाको गुनासो छ। जमिनदारको जमिन उनीहरू अधियाँमा उनीहरू खेती गर्छन्। तर वर्षाका बेला खेत डुबानमा पर्छ। वर्षा नभएको बेला खडेरी लागेर बाली नष्ट हुन्छ। तर पनि यसको व्यवस्थापन गर्न तथा गरिबको भोको पेट भर्न कसैले पहल नगरिदिएको स्थानीय विमलेश सदाले गुनासो गरे। उनले भोट माग्ने बेला हामीले नै सबै गरिदिन्छौं जस्तो गरेर नेताहरू बस्तीमा आउने गर्छन् तर कसैले सहयोग गर्दैनन् भने।

सो बस्ती जिल्लाको प्रतिनिधिसभा सदस्य क्षेत्र नं ३ मा पर्दछ। विसं २०७४ र २०७९ को निर्वाचनमा यस क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा तत्कालीन लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर निर्वाचित भएका थिए। गरिबीमा रहेको यस बस्तीका एक सय पाँच बालबालिकाको जन्मदर्ता बन्न पनि सकेको छैन। यसका लागि आफूहरू पटक-पटक वडा कार्यालय नगरपालिकाको कार्यालय र आफ्ना प्रदेश तथा संघीय सांसदकोमा पुगेको भए पनि कतैबाट सहयोग नपाएको स्थानीय बिरजु सदाले दुखेसो पोखे। जन्मदर्ताको अभावमा सो बस्तीका बालबालिका नेपाल सरकारबाट प्राप्त हुने पोषणभत्तासहित बालबालिकासँग सम्बन्धित अन्य सुविधा र निःशुल्क शिक्षाबाटसमेत बञ्चित रहेको जिबछी सदाले बताए। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नं ३ यस क्षेत्रबाट विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी ३९ जनाले उम्मेदवारी दिएका छन्।

काठमाडौंको वायु प्रदूषण अस्वस्थ तहमा

काठमाडौं, माघ २५ । काठमाडौं उपत्यकाको वायु प्रदूषण आज अस्वस्थ तहमा पुगेको छ। हावाको गुणस्तर मापन गर्ने 'एयर क्वालिटी इन्डेक्स'का अनुसार आज मध्याह्नसम्म काठमाडौं उपत्यकाको वायु प्रदूषण १७५ एक्यूआई पुगेको छ।

आइतबार काठमाडौं विश्वका सबैभन्दा प्रदूषित सहरमध्ये सातौं स्थानमा सूचीकृत भएको छ। उक्त समयमा विश्वकै सबैभन्दा प्रदूषित सहर इजिप्टको कायरो छ, जहाँ वायु प्रदूषण २७३ एक्युआई मापन गरिएको छ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार मौसम सुक्खा रहनु, हावा नचल्नु, उद्योग-कलकारखानाको सञ्चालन तथा तीव्र विकास निर्माणका कारण वायु प्रदूषण बढेको हो।

'औद्योगिक गतिविधिबाट निस्कने धुवाँ-धुलो, सिमापार (क्रस बोर्डर) प्रदूषण र छिमेकी मुलुक भारतबाट आउने प्रदूषणले पनि प्रभाव पारेको छ,' उनले भने, 'पानी नपरेसम्म प्रदूषण अझ बढ्ने सम्भावना छ।' सुवेदीले वातावरणमैत्री विकासमा

जोड दिन सरोकारवाला निकायलाई सुझाव दिइएको जानकारी दिए।

विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीका अनुसार ० देखि ५० एक्यूआई राम्रो (हरियो संकेत), ५१ देखि १०० सम्म सचेत रहनुपर्ने (पहेंलो संकेत) मानिन्छ। त्यस्तै, १०१ देखि १५० एक्यूआई अस्वस्थ मानिन्छ, जसले श्वासप्रश्वास र मुटुरोगी बिरामीलाई असर गर्छ। १५१ देखि २०० एक्यूआई सबैका लागि अस्वस्थ, २०१ देखि ३०० एक्यूआई धैरै अस्वस्थ तथा ३०० भन्दा माथि पुगेको अवस्था अत्यन्तै खतरनाक मानिन्छ।

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार नेपाल सरकारले एक्यूआई ३०० भन्दा बढी पुगेको अवस्थालाई विपद् मान्ने व्यवस्था गरेको छ।

यस्तो विपद् न्यूनीकरणका लागि फोहोर बाल्ने कार्य रोक्ने, सडक सफाइका लागि ब्रुमर तथा भ्याकुमको प्रयोग बढाउने, बालबालिका, ज्येष्ठ नागरिक र बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने व्यवस्था कार्ययोजनामा उल्लेख छ।

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार वायु प्रदूषण न्यूनीकरणका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्-चुम्बकीय तरंग, रेडियोधर्मी विकिरण तथा जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने सरकारी रणनीति रहेको छ।

साथै प्रमुख सहर, औद्योगिक क्षेत्र तथा प्रदूषणको जोखिम रहेका स्थानमा गुणस्तर मापन केन्द्र स्थापना गरी वायु, जल र ध्वनि गुणस्तरको नक्सांकन गरिने उल्लेख गरिएको छ।

खगोल विज्ञान ओलम्पियाडका विद्यार्थी छनोट

काठमाडौं (संवाददाता)- नेपाल एस्ट्रोनोमिकल सोसाइटी (नासो) ले १३ औं राष्ट्रिय खगोल विज्ञान ओलम्पियाडको प्रथम चरणको नतिजा सार्वजनिक गरेको छ।

नासोका अनुसार मोरङ, धनुषा, काठमाडौं, कास्की, रुपन्देही, सुर्खेत र कैलालीमा सञ्चालित परीक्षामा ३२ भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीहरू दोस्रो चरणमा छनौट भएका छन्। गत वर्षदेखि भएको यो कार्यक्रमले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधिबाट राष्ट्रियस्तरको ओलम्पियाडको मान्यता पाएको छ। यस वर्षको ओलम्पियाडमा सातै प्रदेशबाट उल्लेखनीय सहभागिता भएको छ।

कोशी प्रदेश (सिनियर)तर्फ शिक्षादीप बोर्डिङ सेकेन्डरी स्कूलका सिद्धान्त पराजुली प्रथम भएका छन् भने जुनियर समूहमा बाल कल्याण विद्या मन्दिरका शहवाज आलम शीर्ष स्थानमा रहे। मधेश प्रदेश मा सिनियर समूहबाट ज्ञानदा एकेडेमीका गौरव गुप्ता पहिलो भएका छन्।

बागमती प्रदेशबाट सिनियर समूहमा काठमाडौं मोडल स्कूल, ललितपुरका आर्यन खड्का र जुनियर समूहमा काठमाडौं प्रज्ञा कुञ्ज स्कूलका सम्पन्न दाहाल प्रथम भएका छन्। गण्डकी प्रदेशमा सिनियरतर्फ मदरल्याण्ड सेकेन्डरी स्कूलका शश्वत रेग्मी, लुम्बिनी प्रदेशमा बिहान न्यौपाने, कर्णाली प्रदेशमा नमूना शाह, तथा सुदूरपश्चिम प्रदेशमा प्रशुद पन्तले सिनियर समूहमा पहिलो स्थान हासिल गरेका छन्। उत्कृष्ट विद्यार्थीहरू छनोट गरी अन्तर्राष्ट्रिय खगोल तथा खगोलभौतिक ओलम्पियाडका लागि नेपालको टोली तयार गरिनेछ।

मधेशी आयोगद्वारा प्रतिवेदन पेस

धनुषा, माघ २५ । मधेशी आयोगले आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गरेका गतिविधि, पहल र उपलब्धि समेटिएको सातौं वार्षिक प्रतिवेदन मधेश प्रदेश प्रमुख डा सुरेन्द्रलाभ कर्णसमक्ष प्रस्तुत गरेको छ। प्रदेश प्रमुखको कार्यालयमा आज आयोजित कार्यक्रममा आयोगका अध्यक्ष जीवछ साहले नेपालको संविधानको धारा २९४ को उपधारा (३) अनुसार आव २०८१/८२ को वार्षिक प्रतिवेदन पेस गरेका हुन्।

प्रतिवेदनमा मधेशी समुदायको अधिकार संरक्षण, सामाजिक न्यायको प्रवर्धन, समावेशी विकास तथा नीतिनिर्माणका क्षेत्रमा आयोगले गरेका कामकारबाहीलाई विस्तृतरूपमा समेटिएको छ। कार्यक्रममा प्रदेश प्रमुख कर्णले मधेशी समुदायको हकहित सुनिश्चित गर्न आयोगको भूमिका महत्त्वपूर्ण रहेको बताए। उनले प्रतिवेदनमा समावेश गरिएका सुझाव र निष्कर्षलाई कार्यान्वयन गर्न सम्बन्धित निकायले गम्भीर ध्यान दिनुपर्ने आवश्यकता औंल्याएँ। प्रतिवेदनले मधेशी समुदायको समग्र विकास, अधिकार प्रवर्धन तथा राज्यका नीति र कार्यक्रमलाई थप प्रभावकारी बनाउन मार्गदर्शन गर्ने विश्वास लिइएको प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव सत्रुधन यादवले जनाए। कार्यक्रममा प्रदेश सरकारका उच्च अधिकारी, मधेशी आयोगका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति थियो। ***रासस***

सम्पादकीय

प्रसिद्धि होइन, सिद्धि खोज्ने चुनावी विवेक

जेनजी आन्दोलनपछि मूर्च्छित जस्तै बनेको संविधान र राजनीतिक प्रणालीलाई पुनः लयमा ल्याउने जिम्मेवारी अब आसन्न निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिको काँधमा आएको छ। यो आन्दोलन अनपेक्षितरूपमा उठ्यो र यसको परिणति नेपालको राजनीतिक इतिहासमा एक गहिरो कालो धब्बाका रूपमा अंकित भयो। ७४ जना नागरिकको ज्यानको आहुतिपछि आएको यो राजनीतिक मोडले देशलाई केवल सत्ता परिवर्तनतर्फ होइन, नेतृत्वको गुणस्तरमाथि गम्भीर प्रश्न उठाउने चरणमा ल्याइपुऱ्याएको छ।

आन्दोलनपछिको संक्रमणकालीन अवस्थामा निर्वाचन सम्भव छैन भन्ने भाष्य केही समय बलियो बने पनि अन्तरिम सरकार गठन भई देश अघि बढ्दै जाँदा त्यो भाष्य क्रमशः मत्थर हुँदै गयो। आज देश निर्वाचनमा होमिएको छ। सबै दल र उम्मेदवार मतदातालाई विश्वासमा लिन कसरत गरिरहेका छन्। तर मतदाताले विश्वास गर्ने आधार के हो ? भाषण, नाराबाजी र प्रसिद्धि, कि कार्यक्षमता, इमानदारी र स्पष्ट प्रतिबद्धता ?

दल र उम्मेदवारको वास्तविक प्रतिबद्धता सार्वजनिक हुने माध्यम भनेकै निर्वाचनको घोषणापत्र हो। विगतमा पुराना दलहरूले महाकवि देवकोटाको कल्पनाशीलतालाई पनि माथ दिने, व्यवहारमा सम्भव नहुने वाचा समेटिएका घोषणापत्र सार्वजनिक गरे। ती घोषणापत्रहरूले जनताको अपेक्षा पूरा गर्न नसकेको तथ्य अब टड्कारो भइसकेको छ। त्यसैले यसपटक मतदाताले घोषणापत्रलाई भावनाले होइन, विवेकले पढ्नुपर्ने समय आएको छ।

नयाँ दलहरू पहिलोपटक निर्वाचनमा सहभागी हुँदै गर्दा केही जनविश्वास आर्जन गर्न सफल देखिन्छन्। तर नयाँ हुनु मात्र पर्याप्त मापदण्ड होइन। विगतमा 'नयाँ' भनेर संसद् पठाइएका प्रतिनिधिहरूले जनताको प्रतिनिधित्व कत्तिको प्रभावकारीरूपमा गरे ? संसद्मा उनीहरूको भूमिका कति जिम्मेवार र नीतिगत थियो ? यो प्रश्न पनि मतदाताले गम्भीरतापूर्वक आत्मसात् गर्नुपर्छ।

नेतृत्व भनेको केवल आदेश दिने शक्ति होइन, घरमूलीजस्तै हो। घरमूलीले साना नानीदेखि वृद्ध सदस्यसम्मको आवश्यकतालाई सन्तुलनमा राख्नुपर्छ। त्यो ख्याल नर्सले बिरामीलाई गर्ने सेवाजस्तो नभई, स्रोत कहाँ छ, कसरी परिचालन गर्ने, के अभाव छ, कसरी पूर्ति गर्ने भन्ने रणनीतिक विवेक लगाउनुपर्ने शक्ति हो। राजनीतिक नेतृत्वमा पनि यही गुण आवश्यक पर्छ। जनताको आकांक्षा पूरा गर्ने नीति नै राजनीति हो, र त्यो नीति सबै नीतिभन्दा माथि हुन्छ।

हामी प्रायः 'नेताले देश बिगारे' भन्ने भाष्य दोहोऱ्याउँछौं। तर ती नेता कसरी नेता बने ? उनीहरूलाई अनुमोदन कसले दियो ? लोकतन्त्रमा नेता जनताकै मतबाट स्थापित हुन्छ। त्यसैले नेतृत्वको कमजोरीको केही जिम्मेवारी मतदाताको विवेकहीन छनोटमा पनि जोडिन्छ। अब आउने निर्वाचनमा हामीले कसैलाई नेता बनाउँदै गर्दा उसको विगतको आचरण, नजीर, इमानदारी र नेतृत्व क्षमतालाई गहिरो रूपमा मूल्यांकन गर्नैपर्छ।

जेनजी आन्दोलनपछि पुस्तान्तरणको माग चर्किएको छ। यो केवल उमेरको परिवर्तन होइन, सोच, शैली र उत्तरदायित्वको परिवर्तन हो। आसन्न निर्वाचन यस्तो अवसर हो, जहाँ हामीले साँच्चै देश बनाउने नेतृत्व छान्न सक्छौं। यो साधारण आवधिक निर्वाचन मात्र होइन, जेनजीको चिताबाट उठेको लहर हो। त्यसैले यसपटक गल्ती गर्ने छुट हामीसँग छैन। प्रसिद्धि क्षणिक हुन्छ, सिद्धि दीर्घकालीन। सामाजिक सञ्जालको लाइक, शेयर र भाइरलपनले नेतृत्वको क्षमता निर्धारण गर्दैन। मतदाताले उम्मेदवारको भाषणभन्दा उसको काम, वाचाभन्दा उसको विश्वसनीयता र लोकप्रियताभन्दा उसको परिणाम दिन सक्ने क्षमतालाई हेर्नुपर्छ।

यससँगै, मिथ्या सूचना, गलत समाचार र भ्रमपूर्ण प्रचारबाट सचेत रहनु आजको सबैभन्दा ठूलो नागरिक जिम्मेवारी हो। यस्ता सामग्री पोष्ट गर्ने, शेयर गर्ने वा लाइक गर्ने कार्यले लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाउँछ। विवेकसम्मत निर्णय, तथ्यमा आधारित सोच र जिम्मेवार व्यवहारले मात्र सही नेतृत्व चयन सम्भव हुन्छ।

तसर्थ, राम्रो नेता छान्नु भनेको केवल मत हाल्नु होइन, देशको भविष्यको दिशा तय गर्नु हो। यदि हामीले विवेकलाई प्रयोग गऱ्यौं भने परिणाम पनि सकारात्मक हुनेछ। अबको चुनावमा प्रसिद्धिको पछि होइन, क्षमताको पक्षमा उभिनु नै जेनजी आन्दोलनप्रति साँचो सम्मान र देशप्रतिको साँचो दायित्व हुनेछ। जेनजी आन्दोलनपछिको राजनीतिक मोडले नेतृत्वको गुणस्तरमाथि गम्भीर प्रश्न उठाएकै हो। त्यसैले आसन्न निर्वाचनमा मतदाताले प्रसिद्धि होइन, उम्मेदवारको क्षमता, इमानदारी, विगतको आचरण र कार्यदक्षतालाई आधार बनाएर विवेकपूर्ण निर्णय गर्नुपर्छ भन्नेमा दुईमत हुन सक्दैन। मिथ्या सूचनाबाट सचेत रहँदै सही नेतृत्व छनोट गर्नु नै देशप्रतिको जिम्मेवारी हो।

लेख तथा टिप्पणीका लागि:
desk.news24daily@gmail.com

रैथाने बालीको प्रबलीकरण

news24 दैनिक

ललितकुमार यादव

जलवायु परिवर्तन आज वैज्ञानिक चिन्तन, अन्तर्राष्ट्रिय सम्मेलन र भावी पुस्ताका चिन्ताको विषय मात्र रहेन। यसका प्रत्यक्ष असरहरू नेपाली कृषकको खेतबारी, भान्सा र जीवनयापनमा समेत आज देखिन थालेको छ। अनियमित वर्षा, लामो खडेरी, असिना, बाढी र हिमपातको समयमा परिवर्तन आइसकेको छ। नेपालको कृषि प्रणाली गहिरो संकटतर्फ धकेलिएको छ। खेतीको चक्र बिग्रँदै गएको छ। उत्पादन अनिश्चित बन्दै गएको छ। कृषिमा जोखिम बढ्दै गएको छ। खाद्य सुरक्षाको विषय अब केवल उत्पादन बढाउने विषय मात्र रहेनन्। जलवायु परिवर्तनको जोखिम सहन सक्ने, पोषणयुक्त र दीर्घकालीनरूपमा टिकाउ बालीको छनोट गर्नु कृषकको आजको अपरिहार्य आवश्यकता बनेको छ। यसका लागि दीर्घकालीन रणनीतिक योजना राज्य, समाज र कृषक सबैका लागि आवश्यक छ।

नेपालजस्तो पहाडी र विविध भौगोलिक संरचना भएका मुलुकमा जलवायु परिवर्तनको असरहरू असमानरूपमा देखिएको छ। कतै खडेरीले बाली सुकाइरहेको छ। कतै अत्यधिक वर्षाले खेत बगाइरहेको छ। कतै असिनाले एकै झड्कामा कृषकको मेहनतलाई सखाप गरिदिएको छ। यसले रैथाने अन्नतबालीको खेतीको आवश्यकतालाई उजागर गरेको छ। रासायनिक मल, उच्च पानी र स्थिर मौसममा निर्भर आधुनिक कृषि प्रणाली जलवायु संकटको सन्दर्भमा झनै असुरक्षित देखिएको छ। यही सन्दर्भमा कोदो, कागुनो, सामा र चिनो जस्ता रैथाने अन्नबालीहरू नेपालका कृषकका लागि विकल्प मात्र होइनन् भन्ने तथ्य पुष्टि हुँदै गएको छ। यी बालीहरू नेपाल र नेपाली कृषकका आवश्यकता बनेर पुनःस्थापित हुन थालेका छन्।

जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम न्यूनीकरण गर्न अपनाइने उपायहरू नै जलवायु अनुकूलन हुन्। यसको अर्थ परिवर्तनलाई रोक्नु मात्र होइन। परिवर्तनसँगै बाँच्न सक्ने तरिका अपनाउँदै जानु हो। खडेरी सहन सक्ने बालीका नयाँ प्रजातिहरूको विकास, बाढी प्रतिरोधी संरचनाहरूको निर्माण, जलवायुजन्य प्रकोपको पूर्वसूचना प्रणालीको विकास, तीव्र घटनाहरू सहन सक्ने पारिस्थितिक प्रणालीहरूको पुनर्स्थापना र स्थानीय ज्ञानमा आधारित समाधानहरू जलवायु अनुकूलनका महत्त्वपूर्ण उपाय हुन्। तर अनुकूलन मात्र पर्याप्त छैनन्। जलवायु उत्थानशीलता त्यत्तिकै महत्त्वपूर्ण अवधारणा र आवश्यकता हुन्। उत्थानशीलता भनेको विपद् आएपछि पनि समुदाय फेरि उठ्न, सामान्य अवस्थामा फर्कन र दीर्घकालीनरूपमा सुदृढ रहन सक्ने क्षमता हो। अनुकूलनले परिवर्तनसँग बाँच्ने तरिकामा जोड दिन्छ। उत्थानशीलता संकटपछि पनि कसरी सक्षम बन्ने भन्ने क्षमताको विकासमा केन्द्रित छ। यी दुई अवधारणा फरक भए पनि जलवायु परिवर्तनसँग जुध्ने रणनीतिका पूरक आधार हुन्।

नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकको खाद्य अधिकारलाई सुनिश्चित गरेको छ। पर्याप्त, सुरक्षित र पोषणयुक्त खाना खान पाउने अधिकार मौलिक हकका रूपमा स्थापित छ। स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकका रूपमा संविधानमै राखिएको छ। संविधानको भावनाअनुसार खाद्यको उपलब्धता, पहुँच र पोषणको सुनिश्चितता गर्नु राज्यको दायित्व हो। साथै राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले कृषि क्षेत्रलाई जलवायु अनुकूलनको प्राथमिक क्षेत्रका रूपमा पहिचान गरेको छ। तर, व्यवहारमा यी अधिकार र नीतिहरू अझै कागजमै सीमित छन्। स्थानीय सन्दर्भ अनुकूल, जलवायु सहनशील र पोषणमैत्री बालीमार्फत सरकारी नीति र अधिकारलाई कार्यान्वयन गरिनुपर्छ। कागुनो, सामा, चिनो, कोदोजस्ता रैथाने बालीहरू सरकारी नीति र अधिकार कार्यान्वयनको व्यावहारिक आधार हुन्। सरकारी नीति र अधिकारलाई जीवन्त बनाइनुपर्छ।

नेपालको भोकमरी स्थिति विश्वस्तरमा मध्यम श्रेणीमा रहेको छ। तर सुधारको गति सुस्त छ। पछिल्ला वर्षहरूमा जोखिम पुनः बढ्दै गएको संकेत देखिएको छ। 'ग्लोबल हंगर इन्डेक्स' २०२५ अनुसार नेपालको अंक १४.७ बाट बढेर १४.८ पुगेको छ। पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपना २६ प्रतिशत पुगेको छ। अल्पपोषणको दर ५.३ प्रतिशत रहेको छ। बाल मृत्युदर २.६ प्रतिशत र ख्याउटेपना ७ प्रतिशत रहेको छ। ख्याउटेपना र बाल मृत्युदर अझै सार्वजनिक स्वास्थ्यका गम्भीर चुनौतीका रूपमा विद्यमान छन्। नेपालका यी समस्याहरू केवल खाद्यान्न अभावको समस्या होइन। पोषण सुरक्षा र खाद्य प्रणालीको संरचनात्मक कमजोरीको हो।

कुपोषणको समस्या कृषि प्रणाली, उत्पादन पद्धति र उपभोग संस्कृतिमा आएको परिवर्तनसँग प्रत्यक्षरूपमा जोडिएको छ। आयातमा बढ्दो निर्भरता, रैथाने बालीको घट्दो उपभोग र प्रशोधित खाद्यान्नको उपभोग अत्यधिक बढ्नुले पोषणको सन्तुलनलाई बिगार्दै लगेको छ। जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र सामाजिक आर्थिक असमानताले यी समस्याहरूलाई झनै जटिल बनाएको छ। यसको समाधान दीर्घकालीन र संरचनागत हुनुपर्छ। खाद्य अधिकार, पोषण सुरक्षा र जलवायु अनुकूलन तथा उत्थानशीलतालाई एउटै सूत्रमा जोड्न सक्नुपर्छ।

कागुनो संसारकै प्राचीनतम अन्नबालीमध्ये एक हो। नेपालको पहाडी, हिमाली र मध्यपहाडी भेगमा परम्परागतरूपमा यसको खेती हुँदै आएको छ। कागुमोको खेती जलवायु परिवर्तनको सन्दर्भमा अत्यन्त उपयोगी मानिन्छ। कागुनो छोटो अवधिमा पाक्ने, रोग किरा कम लाग्ने र न्यून लागतमा उत्पादन दिने बाली हो। साना किसानका जोखिम न्यूनीकरण गर्न मद्दत गर्छ। तीनदेखि चार महिनामै पाक्ने भएकाले यसलाई अनिकाल टार्ने अन्नका रूपमा लिइन्छ।

कागुनो कोदोजस्तै घाँस परिवारको एकवर्षीय बाली हो। गुच्छेदार मसिना जराहरू रहेका हुन्छन्। यसको बोट लगभग धान जस्तै हुन्छ। तर डाँठ छिप्पिएपछि कडा हुन्छ। यसको बाला फ्याउरोको पुच्छरजस्तो आकारको हुने भएकाले यसलाई फक्सटेल मिलेट भनिएको हो। पोषणको दृष्टिले कागुनो प्रोटिन, फाइबर, आइरन, क्याल्सियम र विभिन्न सूक्ष्म पोषक तत्वले भरिपूर्ण छ। ग्लुटेनरहित र लो ग्लाइसेमिक इन्डेक्स भएकाले यो आधुनिक 'सुपरफुड'सरह मानिन्छ।

कागुनोले खडेरी तथा असिना सहन सक्छ। भिरालो र कम उर्बर जमिनमा पनि राम्रो उत्पादन दिन्छ। भोकमरीबाट बचाउन सक्ने बालीका रूपमा लिन सकिन्छ। नेपालमा कागुनोको औसत उत्पादन ८१५ केजी प्रतिहेक्टर रहेको छ। भात, खीर र ढिँडो बनाएर खाने चलन छ। हाल सहरी क्षेत्रमा कागुनोको चामलको माग बढ्दै गएको पाइन्छ। विशेष गरी ग्याष्ट्रिक र मधुमेहका बिरामीले कागुनोको खोजी गरेको पाइन्छ। कागुनोमा सरदर १२.३% प्रोटिन, ४.३% चिल्लो पदार्थ, ६०.६% कार्बोहाइड्रेट, ८.०% रेसा तथा ३.३% भस्म पाइन्छ।

सामा, जसलाई सुदूरपश्चिमका पहाडी भेगमा झुमरोका रूपमा चिनिन्छ। आज लोपोन्मुख अवस्थामा पुगेको छ। कम पानी, कमजोर माटो र सुख्खा जमिनमा पनि उत्पादन दिने यो बाली एकल वा मिश्रित खेती दुवैका लागि उपयुक्त छ। भात, खीर, पुरी र सेलरोटीजस्ता परिकार बनाएर उपभोग गर्ने चलन छ। यो बाली खाद्य सुरक्षा, पोषण र जैविक विविधता संरक्षणका लागि अत्यन्त महत्त्वपूर्ण छ। पोषणका दृष्टिले झुमरोमा रेसा, आइरन, फस्फोरस र खनिज तत्त्व प्रशस्त पाइन्छ।

प्रति १०० ग्राम कागुनोबाट ८.८७ ग्राम पानी, ८.७६ ग्राम प्रोटिन, ४.६३ ग्राम चिल्लो पदार्थ, २.८ ग्राम खनिज, ८.७८ ग्राम रेशा, ६६.१६ ग्राम कार्बोहाइड्रेट, ३५१.६१ मिलिग्राम फस्फोरस, ७.०५ मिलिग्राम क्यल्सियम, ३.७१ मिलिग्राम फलाम, ०.५९ मिलिग्राम थायामिन, ०.११ मि.ग्रा. राइवोफ्लोविन र ३४६ किलो क्यालोरी शक्ति प्राप्त हुन्छ। यसमा पोलिफिनोल्स, ट्र्यानिन्स, स्यापोनिन्स, अल्कोलोइड्सय, फ्लाभोनोइड्स जस्ता क्यान्सर निरोधक रसादिहरू पाइन्छन्। अन्य आडिलो खाना पचाउन नसक्ने व्यक्तिका साथै ग्याष्ट्रिक, मधुमेह, उच्च रक्तचाप आदिका बिरामीका निम्ति पनि कागुनोको भात राम्रो मानिन्छ। त्यस्तै प्रति १०० ग्राम सामाबाट १०.२ ग्राम प्रोटिन, ३.६ ग्राम चिल्लो पदार्थ, २ ग्राम खनिज,२८१ मिलिग्राम फस्फोरस, १९ मिलिग्राम क्यल्सियम, ५ मिलिग्राम फलाम, १२.५ मिलिग्राम रेशा र ३०७ किलो क्यालोरी शक्ति प्राप्त हुन्छ।

यी रैथाने बालीहरूको अर्को महत्त्वपूर्ण पक्ष दीर्घकालीन भण्डारण क्षमता हो। परम्परागत विधिबाट सुरक्षित राख्दा कागुनो चारदेखि नौ वर्षसम्म पनि बिग्रँदैन। सामालगायतका साना अन्नबालीहरू पनि लामो समयसम्म सुरक्षित भण्डारण गर्न सकिन्छ। विपद्का समयमा आपूर्ति शृंखला अवरुद्ध हुन सक्ने अवस्थामा यस्तो भण्डारण क्षमता भएको अन्नबाली रणनीतिक हिसाबले अत्यन्त महत्त्वपूर्ण छ। यसले आपत्कालीन अवस्थामा पनि समुदायको परनिर्भरता घटाउँछ र खाद्य अधिकारको व्यावहारिक ग्यारेण्टी गर्छ।

कागुनो र सामाका दर्जनौं स्थानीय जातहरूले नेपालको कृषि जैविक विविधताको गहिराइलाई देखाउँछन्। विभिन्न उचाइ, माटो र हावापानीअनुसार विकसित यी जातहरू जलवायु परिवर्तनसँग जुध्ने प्राकृतिक ढाल हुन्। राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले जैविक विविधता संरक्षणलाई जलवायु अनुकूलनको आधार मानेको छ। तर व्यवहारमा रैथाने बालीको संरक्षण र प्रवर्धनबिना यो लक्ष्य पूरा हुन सक्दैन। बीउ संरक्षण, अनुसन्धान र स्थानीय ज्ञानको दस्तावेजीकरण आजको आवश्यकता हो।

पोषणका दृष्टिले यी साना अन्नबालीहरूले खाद्य अधिकारको बहसलाई नयाँ आयाम दिन्छ। ग्लुटेन फ्री भएकाले यी बालीहरू गहुँ वा चामल पचाउन नसक्ने व्यक्तिका लागि सुरक्षित विकल्प हुन्। चामलको तुलनामा यी बालीहरूमा बढी प्रोटिन, आइरन, क्याल्सियम, म्याग्नेसियम र प्रशस्त फाइबर पाइन्छ। कुपोषण, सूक्ष्म पोषक, तत्वको कमी र असन्तुलित आहार नेपालको दीर्घकालीन चुनौती हो। यसको समाधान स्थानीय स्तरमै स्थानीय बालीमार्फत नै सम्भव छ।

खाद्य अधिकारको बहसमा पोषणको सवाल अनिवार्य छ। पर्याप्त क्यालोरी मात्र होइन, सन्तुलित र पोषणयुक्त आहार प्रत्येक नागरिकको अधिकार हो। कागुनो र सामाजस्ता बालीहरूले यस अधिकारलाई व्यवहारमा रूपान्तरण गर्छ। विद्यालय पोषण कार्यक्रम, मातृ तथा शिशु आहार, वृद्ध तथा रोगीका लागि विशेष आहारमा यी बालीहरूको समावेशले स्वास्थ्य खर्च घटाउनुका साथै दीर्घकालीन मानव विकासमा योगदान पुर्यायउँछ।

आर्थिक दृष्टिले पनि यी बालीहरूमा उल्लेखनीय सम्भावना छ। सहर बजारमा स्वास्थ्यप्रति बढ्दो सचेतनासँगै कागुनो, सामा लगायतका अन्नबालीको माग बढ्दै गएको छ। प्रशोधन, प्याकेजिङ र मूल्य अभिवृद्धि गर्न सकेमा यी बाली साना कृषकका आम्दानीको मुख्य स्रोत बन्न सक्छन्। यसले ग्रामीण रोजगारी सिर्जना गर्नुका साथै कृषि उद्यमशीलतामा युवाको आकर्षण बढाउँछ।

राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ र संविधानद्वारा सुनिश्चित खाद्य अधिकार कागजमा सीमित छ। व्यवहारमा उतार्न कागुनो, सामा, चिनो, कोदो जस्ता रैथाने बालीलाई कृषि नीति, बजेट र कार्यक्रमको केन्द्रमा राख्नैपर्छ। बीउ संरक्षणदेखि अनुसन्धान, उत्पादनदेखि प्रशोधन, बजार पहुँचदेखि उपभोक्ता सचेतनासम्मको हस्तक्षेप आवश्यक छ।संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी जलवायु सहनशील बाली प्रवर्धन कार्यक्रमलाई विस्तार गरिनुपर्छ। विद्यालय, अस्पताल र सार्वजनिक संस्थामा रैथाने बालीको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ।यसले एकातिर स्थानीय कृषकको बजार सुनिश्चित गर्छ भने अर्कोतर्फ पोषण सुरक्षा र जलवायु अनुकूलन दुवै लक्ष्य पूरा हुन्छ।

कागुनो र सामा विगतको स्मृति मात्र होइनन्। यी भविष्यका सम्भावना हुन्। जलवायु परिवर्तनसँग जुध्ने, पोषण सुरक्षा सुनिश्चित गर्ने र नेपालको कृषि प्रणालीलाई उत्थानशील बनाउने क्षमता यी बालीमा निहित छ। राज्य, समाज र उपभोक्ताले यसलाई स्वीकार गर्न ढिलाइ गर्नु अब आत्मघाती हुन सक्छ। नेपालले आफ्नै माटो, आफ्नै ज्ञान र आफ्नै बालीमा आधारित समाधान खोज्नुपर्छ। कागुनो र सामाजस्ता रैथाने बालीहरू नेपालको खाद्य सुरक्षाको केन्द्रमा उभिन सक्छन। यसका लागि सरकारी नीति, बजेट र व्यवहारलाई एउटै दिशामा अगाडि बढाउनुपर्छ।

लेखक नेपाल खाद्य व्यवस्था कम्पनीमा आबद्ध छन्।

जलवायु परिवर्तनको प्रत्यक्ष असरले नेपालको कृषि प्रणाली गहिरो संकटमा परेको अवस्थामा कागुनो, सामा, कोदो र चिनोजस्ता रैथाने अन्नबालीहरू जलवायु अनुकूलन, उत्थानशीलता र पोषण सुरक्षाका व्यावहारिक समाधानका रूपमा पुनः महत्त्वपूर्ण बन्दै गएका छन्।

स्वास्थ्य सुधारका लागि नेताज्यूलाई पत्र

news24 दैनिक

डा सुवास प्याकुरेल

नेताज्यू, यहाँले चिन्नुभयो कि भएन ? म त्यही 'स्वास्थ्य' हुँ, जो तपाईं जन्मिनुअघि नै आमाको गर्भभित्र हुँदा तपाईंको अवस्था बुझ्न खोज्ने, तपाईं रोएपछि सबैभन्दा पहिले ध्यान दिने र तपाईं मौन हुँदा पनि तपाईंको पीडा पढ्न सक्ने 'स्वास्थ्य' हुँ। मेरो कुरा उठ्नासाथ तपाईंहरू किन अलमलिनुहुन्छ नेताज्यू ? के गर्ने, कसो गर्ने भन्ने अन्योलमा किन पर्नुहुन्छ ? तपाईं कति शक्तिशाली हुनुहुन्छ, कति धनी हुनुहुन्छ भन्ने कुरा पनि मेरो विषयले ढाकिदिन्छ भन्ने कुरा तपाईंले आफैं स्वीकार्नुभएको थियो। मलाई अझै याद छ, राजनीतिमा आउनुअघि तपाईं स्वास्थ्य र शिक्षाले नै समाज बदलिन्छ भनेर गर्वका साथ भन्नुहुन्थ्यो। घरमा आउने सबैलाई 'अर्को एक कप चिया थपौं है' भन्दै स्वास्थ्यकै कुरा सुनाउनुहुन्थ्यो।

मन्त्री बन्नुअघि तपाईंले भन्नुभएको थियो, 'यो एम्बुलेन्स किन यति पुरानो ?' 'अस्पतालमा किन यति लामो लाइन ?' 'अनलाइन सिस्टम किन लागू नगरेको ?' त्यही विश्वासका कारण आज मन दुख्दा, पीडा पोख्न मन लाग्दा मैले सबैभन्दा पहिले तपाईंलाई नै सम्झिएँ। हालसालै स्वास्थ्य बीमाको बेथितिले सीमा नाघ्यो भन्दै सामाजिक सञ्जाल तातिरहेको छ, प्रधानमन्त्री स्वयं सक्रिय हुनुभएको छ। त्यसैले यो आवाज फेरि बुलन्द भएको हो। नेताज्यू, के तपाईंहरूको नजरमा स्वास्थ्य भनेको उठेको पैसा खर्च गराउने क्षेत्र मात्र हो ? कि यो त जनताको स्वास्थ्य जोगाएर अरू सबै क्षेत्र र अर्थतन्त्र चलायमान बनाउने इन्धनमाथिको लगानी हो ?

अस्पताल भनेको जसरी पनि खोल्ने, जसरी पनि चल्न दिने ठाउँ हो र ? अस्पताल फोहोर राख्ने कि सफा राख्ने ? यो कसको जिम्मा हो नेताज्यू ? तपाईं उपचारका लागि सिंगापुर, दिल्ली जाँदा त्यहाँका अस्पताल फोहोर देख्नुभयो ? पिउने पानी, शौचालय, सूचना डेस्क, हेल्पडेस्क, डिजिटल रिपोर्टिङ सबै व्यवस्थित नै देख्नुभयो होला। ल्याब रिपोर्ट अपलोड हुनासाथ डाक्टर, नर्स र बिरामीको मोबाइलमा 'टुडुङ' आवाज आउँछ। झ्यालबाट हेर्दा एम्बुलेन्सहरू शान्त तर तीव्र गतिमा आफ्नो काम गरिरहेका हुन्छन्। हो कि होइन भन्नुस् त ? यसो स्मृतिरमण गर्नुस् त ? कस्तो दृश्य तपाईंको दिमागमा आउँछ ?

हाम्रोमा चाहिँ साइरनभन्दा बढी सुस्केरा हाल्दै, बिरामीको पीडा बोकेर गुड्ने एम्बुलेन्स मात्रै देखिन्छन्। म तपाईंहरूको प्राथमिकतामा कहिले नम्बर एक, कहिले दुई, कहिले त दशभित्र पनि नपर्न सक्छु। त्यसैले आज यहाँका सामु पोखिन मन लागेको छ। केही बाँकी नरहने गरी पोखिन मन लागेको छ।

एक छिन स्वास्थ्य बीमाको कुरा गरौं है नेताज्यू। तपाईंले मेरो आग्रहलाई पक्कै पनि अन्यथा लिनुहुने छैन भन्ने दृढ विश्वास छ। स्वास्थ्य बीमाले राम्रो गरेका बेला त्यो मैले गरेको हुँ भनेर श्रेय लिन सबै दौडिए। समस्या देखिँदा चाहिँ जिम्मेवारी कसले लिने भन्नुस् त ? बीमाभित्रको वास्तविक पीडा के हो, समस्या कुन बिन्दुमा छ, त्यो बुझ्ने प्रयास यहाँबाट भयो कि भएन ? भएको भए त्यसको परिणाम जनताले थाहा किन पाउन सकेका छैनन् ? मेरो हार्दिक नमन छ, आर्थिक स्रोत, ऐन-कानून र नीतिभन्दा ठूलो समस्या दाबी व्यवस्थापन हो भन्ने कुरा किन बुझिँदैन ? त्यसैले स्वास्थ्यजस्तो क्षेत्रमा प्रयोग हुने सोच र सफ्टवेयरको 'इञ्जिन' विदेशी होइन, स्वदेशी हुनुपर्छ। मेरा कुराले तपाईंको मन दुखाउन सक्छ। तर झण्डै तीन करोड नेपालीको मन बुझेर यो कुरा उठाउनैपर्ने बाध्यता आयो। एउटा अस्पताल र अर्को अस्पतालको ल्याब रिपोर्ट दिने तरिका एउटै हुनुपर्छ भन्ने साधारण कुरा पनि हामी किन लागू गर्न सक्दैनौं ? मेसिन किन्ने ठेक्का मात्र होइन, भित्री गुणस्तर र प्रणाली किन उपेक्षित ? स्वास्थ्य क्षेत्रमा नियमनकारी निकाय धेरै भए तर मनकारी निकाय अझै भएनन्। नियमन, अनुगमन, गुणस्तर, बिरामी सुरक्षा, स्वास्थ्यकर्मी सुरक्षा, उपचारका राष्ट्रिय मार्गनिर्देशन, सेकेन्ड ओपिनियन सेन्टर, रेफरल प्रणाली, नयाँ प्रविधि, सूचना प्रविधिको प्रयोग यी विषयहरू किन घोषणापत्रमै सीमित हुन्छन् ?

कुन उपचारको कति शुल्क लाग्ने हो भन्ने अझै किन तोकिएको छैन ? अरू देशमा सम्भव छ, हाम्रो देशमा किन मनलाग्दी ? एउटै समयमा सयौं अस्पताल भवन उद्घाटन हुन्छन् तर ती भवनले मात्रै बिरामी निको पार्छन् र ? जनताले देश मात्र होइन, विश्व देखिसके। एउटा हेल्थ कार्ड बोकेर जुनसुकै अस्पतालमा आफ्नो इतिहास हेर्न पाउने प्रणाली देखिसके। नयाँ प्रविधिको उपचार अनुभूत गरिसके। तर हाम्रो यहाँ सार्वजनिक खरिद ऐनको बहानामा नयाँ प्रविधि नै भित्रिन नदिने प्रवृत्ति छ।

क्यान्सर केयर जस्तो संवेदनशील विषयमा किन राष्ट्रिय नीति छैन ? प्रारम्भिक जाँचदेखि क्षेत्रगत अस्पताल सञ्जालसम्म किन योजना बन्दैन ? विज्ञ छैनन् भन्ने होइन, सल्लाह लिन मन किन छैन ? संविधानको धारा ३५ ले स्वास्थ्यलाई मौलिक हक मानेको छ। तर त्यो धारा आफैं पानी बगाउँदैन। त्यसका लागि नीति, कानून, गुरुयोजना र इमानदार कार्यान्वयन चाहिन्छ। 'एआई, एआई' भन्दै नारा लगाइरहँदा स्वास्थ्य क्षेत्रमा 'एआई' साँच्चै 'ए आयो' भन्ने दिन कहिले आउँछ नेताज्यू ?

म नागरिकतर्फ औंला मात्रै ठड्याउँदिन। अस्पताल पुगेपछि आफ्नै पालो चाहिने सोच, आफूलाई परे सबै इमर्जेन्सी ठान्ने प्रवृत्ति, बीमाको म्याद सकिन लाग्यो भनेर अनावश्यक परीक्षण थप्ने बानी यी सबै गलत हुन्। डाक्टर र स्वास्थ्यकर्मीले पनि आफ्ना सुविधा र ट्रेड युनियनको नाममा व्यापारिक सौदाबाजी गर्नु उचित होइन। यी सबै नियन्त्रण गर्न सकिने कुरा हुन्- यदि इच्छाशक्ति भए। स्वास्थ्यमा बजेट पुगेन भनेर रोइरहने तर आएको बजेट खर्च नगर्ने, खर्च गरेपछि प्रश्न उठ्ने गरी गर्ने प्रवृत्तिले पनि मन दुखेको छ। 'विदेशीले नै सबै गर्छन्' भन्ने मानसिकताको सिकार भइएको छ।

तीन तहको सरकारबीच समन्वय नहुँदा 'सर' र 'कार' छुट्टिएजस्तै भएको छ। डाक्टर र स्वास्थ्यकर्मी अभावमा सरकार आफैं पछाडि परेको छ। कम तलब, कम दरबन्दी, बढी कामले तनाव बढ्नु स्वाभाविक हो। आयुर्वेद होस् वा आधुनिक चिकित्सा, सबै विधा बराबर महत्वका हुन्। यदि तपाईंलाई स्वास्थ्य खर्च मात्र लाग्छ भन्ने लाग्छ भने स्वास्थ्य पर्यटन, जडीबुटी अनुसन्धान, औषधि विकास र नेपाली युवाको सिर्जनशीलता प्रयोग गरेर स्वास्थ्य सूचना प्रविधि विश्व बजारमा जोड्ने सम्भावना पनि हेर्नुस्। तपाईंको जवाफ चुनावी घोषणापत्रमार्फत पाउने आशा छ।

लेखक जनस्वास्थ्यको विषयमा कलम चलाउँछन्।

हरित निर्वाचनको नयाँ अभ्यास

news24 दैनिक

कृष्ण अधिकारी

पहिले जताततै पर्चा, पम्पलेट, तुल, व्यानरदेखि चर्को आवाजमा माइकिङका स्वरहरूले निर्वाचन आएको प्रष्ट थाहा हुन्थ्यो। स्थानीय, प्रदेश र संघीय निर्वाचनमा मात्र नभई राजनीतिक दलका भ्रातृ संगठन, पेसागत संगठनदेखि सामुदायिक संस्थाहरूका निर्वाचनका प्रचारहरू पनि निकै तामझम हुने गर्दछन्। निर्वाचन आउनु महिनौं अघिदेखि नेताहरू घरघरमा आउने, चोक, केन्द्रहरूमा आमसभा गर्ने, अनावश्यक भोजभतेर गर्ने, बढीभन्दा बढी मानिस उतारेर जुलुस गर्ने होडबाजी नै हुन्थ्यो। मतदातालाई प्रभावित पार्ने नाममा गरिने यस्ता प्रचारात्मक क्रियाकलापले ठूलो धनराशि खर्च हुनुका साथै वातावरणमा प्रतिकूल असर पार्ने भएकाले पछिल्लो समय क्रमशः निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न गर्न प्रचार सामग्रीलाई व्यवस्थित, फजुल खर्चमा नियन्त्रण र निर्वाचनको प्रचार अवधिलाई कम गरी वातावरणमैत्री अर्थात् हरित निर्वाचनतर्फ जोड दिन थालिएको छ।

हरित निर्वाचन भन्नाले चुनावी प्रक्रियाको सुरुदेखि अन्त्यसम्म वातावरणीय दृष्टिले दिगो, जिम्मेवार र वातावरणीय प्रभावलाई न्यून गर्ने कार्यहरूलाई बुझाउँछ। निर्वाचनमा अत्यधिक प्रयोग हुने कागजलाई कम गर्न कागजरहित प्रक्रियामा जोड दिन सकिन्छ। आवश्यक परेको ठाउँमा पनि पुनःप्रयोग गर्न योग्य कागजको उपयोग गर्न सकिन्छ।

त्यस्तै ई-मतदाता कार्ड, ई-ब्यालेटस्, क्युआरमा आधारित भोटिङ प्रणालीलाको अभ्यासलाई अपनाउन सकिन्छ। हरित निर्वाचनले बढ्दो वातावरणीय समस्यालाई कम गर्न निकै मद्दत पुग्दछ। यसमा निर्वाचनमा धेरै प्रयोग हुने कागज, ऊर्जा र यातायातबाट हुने प्रदूषणलाई कम गरी कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्न सकिन्छ। कम कागज, कम प्लास्टिक र ऊर्जा बचत हुँदा प्राकृतिक स्रोतको संरक्षणमा योगदान पुग्दछ। त्यतिमात्र होइन, निर्वाचनमा हुने धाँधली, अनियमितता र आर्थिक स्रोतको ठूलो दोहनलाई पनि घटाउन सकिन्छ। डिजिटल र स्मार्ट अभ्यासले लोकतन्त्रमाथि जनताको विश्वासलाई बढाउँछ। साथै, निर्वाचन आयोग, उम्मेदवार र मतदातामा निर्वाचनप्रतिको विश्वास र आस्था बढ्नुले शासन प्रणालीलाई नै पारदर्शी हुन बल पुग्दछ।

नेपालमा हरित निर्वाचनको थालनी

नेपालमा निर्वाचनलाई लोकतान्त्रिक र समावेशी बनाउने प्रयास भए पनि वातावरणीय दिगोपना पक्षलाई पर्याप्त ध्यान दिइएको छैन। यसपटक निर्वाचन आयोगले निर्वाचनलाई वातावरणमैत्री बनाउन हरित निर्वाचनको अवधारणालाई अभ्यासमा ल्याएको छ।

आयोगले एकातिर आफ्ना गतिविधिहरूलाई वातावरणमैत्री अभ्यास गर्ने र अर्कातिर राजनीतक दलहरूलाई पनि यसतर्फ लाग्न अभिप्रेरित गरेको छ। हरित निर्वाचन वा 'ग्रीन इलेक्सन' को अवधारणाअनुरूप आयोगले वातावरणमा हानी पुऱ्याउने कागज, प्लास्टिक, इन्धनजस्ता सामग्रीको न्यूनतम प्रयोग गर्दै डिजिटल, दिगो र प्रदूषणमुक्त माध्यमबाट निर्वाचन सम्पन्न गर्ने लक्ष्य लिएको छ। सकेसम्म प्रदूषण नफैलाउने, प्लास्टिकको कमभन्दा कम प्रयोग गर्ने, डिजिटाइजेसनमा जोड दिने र प्लास्टिकको प्रयोग नगरी नहुने अवस्थामा ४० माइक्रोनभन्दा माथिको प्लास्टिकको सीमित रूपमा प्रयोग गरिनुको साथै प्लास्टिकका सामग्री जस्तै मतपेटिका, पानीका जार, पानी खाने बोतल, कुर्सीटेबल, टेन्टहरू पुनःप्रयोगमा ल्याउने र भविष्यका लागि पनि पुनःप्रयोगमा जोड दिएको छ।

राजनीतिक दल तथा उम्मेदवारलाई डिजिटल प्रचार, इलेक्ट्रिक सवारीसाधन र वातावरणमैत्री सामग्री प्रयोग गर्न सुझाव दिएको छ भने प्रचारपछि प्रयोग भएका सामग्रीको उचित व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। राजनीतिक दल वा तिनका उम्मेदवारले सभा, जुलुस, ऱ्याली वा घरदैलोलगायतका निर्वाचन प्रचारप्रसारका कार्यक्रम सकिएपछि उनीहरूले प्रयोग गरेका सामग्री अनिवार्य रूपमा संकलन गरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ।

दल र उम्मेदवारले गर्ने निर्वाचन खर्चमा फोहर व्यवस्थापन र हरित उपायहरूलाई देखाउनुपर्ने गरी खर्चको शीर्षकको व्यवस्था गर्नु आवश्यक छ। निर्वाचन ऐन तथा नियमावलीमा हरित निर्वाचनको अवधारणा समावेश भएको छ। त्यसमा वातावरणमैत्री निर्वाचनको अभ्यासलाई कानूनी मान्यता दिइएको छ। निर्वाचन आचारसंहितामा हरित प्रावधान समावेश गरिएको छ। राजनीतिक दलका लागि न्यूनतम हरित मापदण्ड निर्धारण गरिएको छ भने प्लास्टिक ब्यानर निषेध वा सीमा लगाइएको छ।

डिजिटल प्रचारलाई प्राथमिकता दिइएको छ। निर्वाचन आचारसंहिता २०८२ को दफा ३६ को खण्ड (छ) अनुसार प्रचारप्रसारमा सम्भव भएसम्म इलेक्ट्रिक वा नवीकरणीय ऊर्जाबाट चल्ने साधन प्रयोग गर्नुपर्नेछ। आचारसंहिताको दफा २ (क ख) मा जैविकरूपमा नष्ट नहुने सामग्रीको न्यूनतम प्रयोग गरी गरिने दिगो र प्रदूषणमुक्त निर्वाचनका रूपमा हरित निर्वाचनको परिभाषा गरिएको छ। दफा ३६ को खण्ड (क) अनुसार निर्वाचन प्रचारमा वातावरणमैत्री सामग्री मात्र प्रयोग गर्नुपर्ने उल्लेख छ।

यस्तै खण्ड (ख) ले सभा वा जुलुस गर्दा वातावरणमा हानी नहुने सामग्री प्रयोग गर्न भनेको छ। भौतिक प्रचार सामग्रीको सट्टा डिजिटल माध्यमलाई प्राथमिकता दिनुपर्ने खण्ड (ग) मा उल्लेख छ। खण्ड (घ) बमोजिम ध्वनि र वायु प्रदूषण न्यूनीकरण गर्ने उपायहरू अपनाउनुपर्नेछ। त्यस्तै खण्ड (च)ले प्लास्टिक वा पोलिथिनजस्ता अजैविक सामग्री प्रयोगमा रोक लगाएको छ। 'निर्वान प्रचारप्रसारका कार्यक्रममा सवारीसाधान प्रयोग गर्दा इलेक्ट्रिक वा नवीकरणकीय ऊर्जाबाट सञ्चालन हुने सवारीसाधनलाई प्राथमिकता दिनुपर्ने,' सोही दफाको खण्ड (छ) मा भनिएको छ। प्रचार कार्यक्रम सकिएपछि प्रयोग भएका सामग्रीको उचित व्यवस्थापन गर्ने जिम्मेवारी दफा ३६ को खण्ड (ज)ले सम्बन्धित दल वा उम्मेदवारलाई सुम्पेको छ। 'सभा, जुलुस, ऱ्याली वा घरदैलोजस्ता निवार्चन प्रचारप्रसारका कार्यक्रम सकिएपश्चात् सम्बन्धित दल तथा उम्मेदवारले प्रयोग गरेका सामग्रीहरू अनिवार्यरूपमा संकलन गरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने,' खण्ड (ज) मा भनिएको छ।

डिजिटल तथा प्रविधिमैत्री निर्वाचन प्रणालीअन्तर्गत डिजिटल मतदाता दर्ता र सूचना प्रणालीको थालनी भएको छ। सामाजिक सञ्जाल, वेबसाइट, मोबाइल सार्वजनिक बहस र भर्चुअल संवाद गर्न सकिन्छ। उम्मेदवारहरूलाई छपाइ सामग्रीमा सीमा, पोस्टर/पम्पलेटको संख्या निर्धारण गरिएको छ भने हरित आचारसंहिता उल्लंघन भएमा जरिवाना वा सुविधा कटौतीजस्ता दण्डको व्यवस्था गरिएको छ। पुनःप्रयोगयोग्य कागजको प्रयोगलाई अनिवार्य बनाइएको छ।

कागजी सूचनाको प्रयोग न्यूनीकरण गरी एसएमएस, मोबाइल एप र वेबसाइटबाट मतदाता जानकारी दिने काम भएको छ। विद्युत् सुविधा पुग्न नसकेका देशका दुर्गम स्थानहरूका मतदान केन्द्रहरूमा हरित मतदान केन्द्रको अवधारणाअनुसार सौर्य ऊर्जायुक्त मतदान केन्द्र स्थापना, न्यून ऊर्जा खपत गर्ने भोटिङ मेसिनको प्रयोग, जैविक र अजैविक फोहर छुट्याउने 'रिसाइकल बिन'हरूको व्यवस्था गरी फोहोर व्यवस्थापन प्रणालीलाई प्रयोगमा ल्याउन सकिन्छ।

मतदाताको सुविधाका लागि पैदल वा साइकलबाट पुग्न मिल्ने गरी मतदान केन्द्र नजिकै निर्धारण गर्ने, सार्वजनिक यातायातको प्रयोगलाई प्रोत्साहन गर्ने, निर्वाचन कार्बन अडिटको व्यवस्था गरी कार्बन उत्सर्जन न्यूनीकरणमा जोड दिइएको छ। प्रत्येक निर्वाचनपछि वातावरणीय प्रभाव मूल्यांकन गर्ने नयाँ प्रावधान सुरु गरिएको छ।

निर्वाचनमा खटिएका कर्मचारीलाई दिइने तालिम, प्रशिक्षण तथा राजनीतिक दल र उम्मेदवारलाई दिइने अभिमुखीकरण कार्यक्रममा हरित निर्वाचनको महत्त्वका बारेमा अवगत गराउन थालिएको छ। 'हरित निर्वाचन : जिम्मेवार नागरिक सन्देशसहित मतदाता शिक्षा अभियान सञ्चालन गरिएको छ। क्यूआर कोडयुक्त डिजिटल कार्डको प्रयोग, कागजी मतपत्र घटाउँदै लैजाने, ई-मतदाता कार्डलाई प्रयोगमा ल्याउनेतर्फ सोचको विकासले आगामी दिनमा अन्य देशमा जस्तै नेपालमा पनि पूर्णरूपमा वातावरणमैत्री निर्वाचन प्रणालीको अभ्यास हुनेछ।

विश्वव्यापी अभ्यास

जलवायु परिवर्तनले आर्थिक, सामाजिकदेखि वातावरणीय क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न विश्वव्यापीरूपमा सचेतना बढ्दै गएको छ।

यस क्रममा निर्वाचनलाई पनि वातावरणमैत्री बनाउन विभिन्न प्रयासहरूको थालनी भएका छन्। स्वीडेन, जर्मनी, फ्रान्सलगायतका युरोपका धेरै देशहरूले डिजिटल मतपत्र र अनलाइन मतदानलाई अभ्यासमा ल्याएका छन्। यसले कागजको प्रयोगमा कमी आउनुका साथै प्रचारका कामहरू पनि वातावरणमा स्वच्छता आएको छ। विद्युत्को पहुँच पुग्न नसकेका स्थानहरूमा पनि सौर्य ऊर्जाजस्ता नवीकरणीय ऊर्जामार्फत परम्परागत तथा खनिज इन्धनको खपतलाई कम गरिएको छ। मोबाइल/वेबद्वारा मतदातालाई सूचना तथा मतदाता शिक्षा कार्यक्रमहरू सञ्चालन भएका छन्।

क्यानडा र अमेरिकाजस्ता देशहरूमा पनि ई-भोटिङलाई प्राथमिकता दिइएको पाइन्छ। निर्वाचनसँग सम्बन्धित विज्ञापन पनि डिजिटल स्वरुपमा हुने गर्दछ भने मतदातालाई दिइने सूचना वा प्रचारका विषयहरू इमेल, टेक्स्ट, वेबसाइटमार्फत गर्ने गरिन्छ। उम्मेदवारहरूले आफ्ना धारणाहरू सामाजिक सञ्जाल एवं भिडियो कन्फरेन्सिङ/भर्चुअलका माध्यमबाट राख्ने गर्ने गर्दछन्। निर्वाचनमा प्रयोग भएका कागजातहरू पनि त्यतिकै नष्ट नगरी पुनःप्रयोग वा रिसाइकल गर्न सकिन्छ भन्ने सोचको विकास भएको छ। छिमेकी मुलुक भारतलगायत देशहरूमा पनि विद्युतीय मतदान मेसिनको प्रयोग बढेसँगै कागजको खपतमा कमी आएको छ। मोबाइल एप/सोसल मिडियाहरूमार्फत मतदाता साक्षरताका कार्यक्रम सञ्चालन गरिएका छन्।

भारतको केरलाको हरित अभियान २०१९ अनुसार केरलाको राज्य निर्वाचन आयोगले दलहरूलाई प्रचारप्रसार अभियानमा एकपटक मात्र प्रयोग हुने प्लास्टिक प्रयोग नगर्न आग्रह गरेको थियो। गोआ राज्यले सन् २०२२ मा विधानसभा निर्वाचन गर्दा 'नो-प्लास्टिक' नीति लागू गर्नुका साथै जैविक विविधता बोर्डले स्थानीय कारीगढहरूले बनाएका जैविक सामग्री प्रयोग गरी मतदान केन्द्र निर्माण गर्नुपर्ने निर्णय गरेको थियो।

श्रीलंकामा कार्बन-संवेदनशील अभियान २०१९ अनुसार प्रत्येक जिल्लामा वृक्षरोपण गरेर उत्सर्जनलाई क्षतिपूर्ति गर्ने काम गरिएको थियो। त्यहाँका राजनीतिक दलले कार्बन 'सेन्सिटिभ इन्भारिमेन्ट फ्राइन्डली क्याम्पियन' सुरु गरेका थिए। एसएलपिपी दलले विश्वकै पहिलो कार्बन-संवेदनशील अभियानसँगै गाडी र बिजुली प्रयोगबाट निस्कने कार्बन उत्सर्जन मापन गरेको थियो। फिलिपिन्समा निर्वाचन आयोगलगायतका संस्थाहरूले सुरु गरेको 'इन्भारिमेन्टली सस्टेनेवल प्रोपागान्डा' निकै प्रभावकारी मानिएको छ। इन्डोनेसियामा डिजिटल प्रचारको प्रयोग र भौतिक प्रचार सामग्री घटाउनेजस्ता कार्यक्रममा जोड दिइएको छ। दक्षिण कोरियामा निर्वाचन व्यवस्थापन तथा राजनीतिक दल तथा उम्मेदवारले गर्ने प्रचारप्रसार कार्यक्रम सूचना प्रविधिमैत्री हुनुपर्ने व्यवस्था छ।

हाम्रोजस्ता देशका लागि हरित निर्वाचनका लागि भने केही चुनौतीहरू नभएका होइनन्। सबै मतदातासँग इन्टरनेट/स्मार्टफोनको पहुँच नहुँदा निर्वाचनको प्रचारप्रसार र मतदाता शिक्षालाई विस्तृतरूपमा लैजान कठिनाइ हुन्छ। निर्वाचनपछि थुप्रिने प्लास्टिक तथा कागजी फोहरलाई उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ। निर्वाचनमा करोडौं मतपत्र, पोस्टर, ब्यानरको प्रयोग हुने गर्दछ। हाम्रोजस्ता भौगोलिक विकट भएको मुलुकमा निर्वाचनका लागि आवश्यक सामग्रीहरू प्रत्येक केन्द्र वा बुथसम्म पुऱ्याउन हजारौं सवारीसाधन आवश्यकपर्ने हुँदा ठूलो परिणाममा इन्धनको खपत हुने गर्दछ।

अनलाइन भोटिङ गर्दा सुरक्षा जोखिम (ह्याकिङ, डाटा चोरी) को पनि नहोला भन्न सकिन्न। नेता, कार्यकर्ता, मतदातादेखि निर्वाचनमा खटिने कर्मचारी तथा सुरक्षाकर्मी सबैलाई नयाँ प्रविधिको प्रयोगमा अभ्यस्त बनाउनु पनि उत्तिकै आवश्यक हुन्छ। कानूनी रुपमै डिजिटल मतदानलाई मान्यता दिने गरी नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ। कतिपय देशमा अपनाइएका अभ्यासहरू हाम्रो सन्दर्भमा त्यति उपयुक्त नहुन पनि सक्छ। तथापि, हरित निर्वाचनको अभ्यासले निर्वाचन खर्च घट्ने, वातावरणीय क्षति न्यून हुने, अन्तरराष्ट्रिय छविमा सुधार आउने, युवाको सहभागिता वृद्धि हुने र अन्ततः दिगो लोकतन्त्रको आधार निर्माणमा सहयोग पुग्ने भएकाले यसलाई आत्मसात गर्नु हरेक दृष्टिले उपयुक्त देखिन्छ।

अन्त्यमा लोकतान्त्रिक प्रक्रियामा वातावरणीय दायित्वलाई बोध हुने गरी विश्वभर हरित निर्वाचनको अभ्यासमा जोड दिन थालिएको छ। हरित निर्वाचन केवल भोट हाल्ने नयाँ तरिका मात्र होइन-यो दिगो लोकतन्त्रको भविष्य हो, जसले पृथ्वी तथा नागरिक दुवैलाई लाभ पुग्दछ। सरकारको हरित विकासको रणनीतिलाई आयोगको हरित निर्वाचन अभियानले सहयोग पुग्ने अपेक्षा गरिएको छ। राजनीतिक पार्टीहरू यतिबेला आफ्ना घोषणापत्र तयार गरी मतदाताका घरदैलोमा जाने तरखर गरिरहेका बेला वातावरणप्रति आफ्नो पार्टीको स्पष्ट दृष्टिकोणसहित जान सक्नुपर्छ र मतदाताले पनि यसबारेमा पार्टीहरूलाई खबरदारी गर्न सकेमा हरित निर्वाचन अभियानलाई सफल तुल्याउन सकिन्छ। ***रासस***

एक करोड ९ लाख ६३ हजार मतपत्र छपाइ

काठमाडौं। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ३७ जिल्लाका ८८ निर्वाचन क्षेत्रको मत छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ।

आजसम्म एक करोड नौ लाख ६३ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिए। हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत र बर्दघाट सुस्ता पश्चिम नवलपरासी गरी ३७ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो। यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उनले बताए।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो। पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ।

काभ्रे–१ मा नयाँ अनुहार

गुणराज मुक्तान | अमित लामा | दिनानाथ गौतम | नवराज सत्याल | मधुकुमार चौलागाईं

ज्ञानमणि नेपाल कालोटोपी
काभ्रे, माघ २५

आगामी फागुन २१ गतेका लागि तय गरिएको प्रतिनिधि सभाको निर्वाचनमा जिल्लामा कुल ४२ जना उम्मेदवार चुनावी मैदानमा छन्। जसमध्ये क्षेत्र नम्बर १ मा मात्र १८ वटा उम्मेदवारी परेको छ। यहाँ १५ दल र स्वतन्त्र ३ गरी १८ जना उम्मेदवार रहेका हुन्।

दुई वटा निर्वाचन क्षेत्र रहेको काभ्रे जिल्लाका १३ पालिकामा १३५ वडाहरू छन्। जसमध्ये क्षेत्र नम्बर १ मा ६९ वडा अटाएका छन्। यहाँ कुल १ लाख ६१ हजार १०० मतदाता छन् भने ९५ वटा मतदानस्थल र १९८ मतदान केन्द्र तोकिएका छन्।

यसअन्तर्गत तेमाल गाउँपालिका, रोशी गाउँपालिका, महाभारत गाउँपालिका, चौरीदेउराली गाउँपालिका, खानीखोला गाउँपालिका, बेथानचोक गाउँपालिकाको वडा नं ६, धुलिखेल नगरपालिकाका वडा नम्बर ८ देखि १२ सम्मका वडाहरू र पनौती नगरपालिकाको वडा नम्बर ४ देखि १० सम्मका वडाहरू पर्दछन्।

यस क्षेत्रमा नेकपा एमालेबाट अमित लामा, नेपाली कांग्रेसबाट गुणराज मुक्तान, नेपाली कम्युनिष्ट पार्टीबाट दिनानाथ गौतम र राष्ट्रिय स्वतन्त्र पार्टीबाट मधुकुमार चौलागाईंले उम्मेदवारी दिएका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टीबाट नवराज सत्याल, उज्यालो नेपाल पार्टीबाट योगेन्द्र लामा, नेमकिपाबाट राजु तामाङ तथा नेशनल रिपब्लिक नेपालबाट भरत तामाङले उम्मेदवारी दर्ता गराएका छन्।

यहाँ प्रगतिशील लोकतान्त्रिक पार्टीबाट ज्ञानेन्द्रकुमार श्रेष्ठ र संयुक्त नागरिक पार्टीबाट रत्न लामाले उम्मेदवारी दर्ता गराउँदा राजेश श्रेष्ठ, युवराज चौलागाईं र जीवन लामाले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

त्यस्तै मंगोल नेशनल अर्गनाइजेशनबाट कमलबहादुर लामा, समावेशी समाजवादी पार्टीबाट बिनोद लामा (अन्य) ले उम्मेदवारी दर्ता गराएका छन् भने जनता समाजवादी पार्टी नेपालबाट मानबहादुर तामाङ, श्रम संस्कृति पार्टीबाट धिराज लामा र नेकपा माओवादी विप्लव समूहबाट कान्छा तामाङको उम्मेदवारी दर्ता भएको छ। उमेरगतरूपमा हेर्दा यस क्षेत्रमा २६ वर्षदेखि ६२ वर्षसम्मका उम्मेदवार प्रतिस्पर्धामा छन्।

जसले जिते पनि नयाँ अनुहार

काभ्रे क्षेत्र नम्बर १ मा प्रतिस्पर्धा गरिरहेका सबैजसो उम्मेदवार नयाँ अनुहार छन्। यहाँ ०७० सालको निर्वाचनमा नेपाली कांग्रेसका हालका जिल्ला सभापति तीर्थ लामाले जित हात पारेका थिए।

जतिबेला ४ वटा निर्वाचन क्षेत्रहरू थिए तर ०७२ सालमा नयाँ संविधान जारी भएपछि बनेको संघीय संरचनासँगै जिल्लामा २ वटा प्रतिनिधि सभा क्षेत्र र ४ वटा प्रदेश सभा क्षेत्रहरू कायम भएका छन्।

प्रतिनिधिसभा निर्वाचन काभ्रे – १

०७४ सालमा भएको निर्वाचनमा यो क्षेत्रबाट नेकपा एमाले र माओवादीबीच एकता भएर बनेको नेकपाका उम्मेदवार गंगाबहादुर तामाङ विजयी बनेका थिए। ०७९ सालमा भने नेपाली कांग्रेस, माओवादी केन्द्र, समाजवादीलगायतका गठबन्धनका उम्मेदवार माओवादीका सूर्यमान दोङ विजयी भएका थिए।

यसर्थ पछिल्लो २ निर्वाचनमा यहाँ कुनै पनि दलहरू एक्लाएक्लै चुनाव लडेका छैनन्। तर यो पटक भने सबै दलहरू एक्लै चुनावमा होमिएकाले कसको पक्षमा नतिजा जानेछ भन्ने सहज अनुमान लगाउन सकिँदैन। सबै उम्मेदवारहरू प्रतिनिधि सभाको निर्वाचनमा नयाँ नै हुन्।

को-को बीच हुँदैछ प्रतिस्पर्धा ?

निर्वाचनमा म हाछु भनेर त को प्रतिस्पर्धामा आउला र ? तैपनि मुख्यरूपमा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी तथा राष्ट्रिय स्वतन्त्र पार्टीबीच नै कडा प्रतिस्पर्धा हुनेमा भने शंका छैन।

नेपाली कांग्रेसले यहाँ युवा व्यक्तित्व ४० वर्षीय गुणराज मुक्तानलाई अघि सारेको छ। उनी हाल पार्टीका जिल्ला सचिवसमेत हुन्। मुक्तान युवामाझ आफूलाई बौद्धिक व्यक्तित्वका रूपमा चिनाउन सफल छन्। उनीसँग बागमती प्रदेशको नीति तथा योजना आयोगका सदस्य भई काम गरेको अनुभव पनि छ। पार्टी नयाँ भएर आएकाले आफूलाई जनताले जिताउनेमा उनी ढुक्क छन्।

उता एमालेको राजनीतिमा नयाँ अनुहारका रुपमा देखा परेका अमित लामा पनि यहाँ प्रतिस्पर्धामा छन्। राष्ट्रिय युवा संघका उपाध्यक्षसमेत भएर काम गरिसकेका अमित लामा जेनजी आन्दोलनको जोखिमपूर्ण अवस्थामा अध्यक्ष केपी ओलीको रक्षक भएर मैदानमा उत्रिएका थिए।

युवा संघको तल्लो कमिटी हुँदै केन्द्रीय सदस्य, कोषाध्यक्ष र तीन कार्यकाल उपाध्यक्ष भएका उनी पछिल्लोपटक एमाले काभ्रे जिल्ला कमिटीमा ३ कार्यकालयता विभिन्न जिम्मेवारी सम्हाल्दै हाल प्रदेश कमिटी सदस्य थिए। यो निर्वाचनमा आफूलाई जनताले विजयी गराउने उनको दाबी छ।

उता ०७४ सालको स्थानीय निर्वाचनमा चौरीदेउराली गाउँपालिकाका अध्यक्ष भइसकेका र विभिन्न समयमा माओवादी केन्द्रको राजनीतिमा अग्रपंक्तिमा रहेका दिनानाथ गौतमलाई नेपाली कम्युनिष्ट पार्टीले यस क्षेत्रमा उम्मेदवार बनाएको छ। प्रतिनिधि सभाको निर्वाचनमा उनी पनि नयाँ नै हुन्। जनताले सुशासनसहितको परिवर्तन चाहेकाले त्यो आफूले जितेमा मात्र सम्भव हुने बताउँदै आएका उनी जनताले यो पटक आफूलाई विजयी गराउने दाबी गर्छन्।

यस्तै देशभरी नै पुराना दलहरूलाई चुनौती बनिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीले यस क्षेत्रमा अधिवक्ता मधुकुमार चौलागाईंलाई उम्मेदवार बनाएको छ। यसअघि उसले बसुनारायण श्रेष्ठलाई उम्मेदवार बनाउँदा तेस्रो दल बनेको थियो।

यो पटक पुराना दलहरूसँग रुष्ट भएका जनताहरूले नयाँ दलका रूपमा आफूलाई छानेको चौलागाईंको दाबी छ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्लास्थित वरिष्ठ उपाध्यक्षसमेत रहेका नवराज सत्याल सो पार्टीका तर्फबाट उम्मेदवार बनेका छन्। धर्म जोगाउने एजेण्डा लिएर आफू चुनावी मैदानमा आएको बताउने उनी जनतासामु झुटो बाचा र आश्वासन लिएर नजाने र पूरा गर्न सक्ने विषयमा मात्र बोल्ने बताउँछन्। धर्म र संस्कृति जोगाउने र देशको विकास चाहने युवाले आफूलाई खोजेको उनको दाबी छ।

जिल्लामा क्षेत्र नम्बर २ भन्दा क्षेत्र नम्बर १ भौगोलिकरूपमा निकै विकट क्षेत्रहरू छन्। जुनसुकै उम्मेदवारले जिते पनि यहाँको विकासका लागि धेरै नै काम गर्नुपर्ने अवस्था छ। १८ जनामध्ये कसलाई जनताले पत्याउँछन् त्यो भने चुनावी नतिजाले नै बताउनेछ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs
चावहिल शाखा, चावहिल, काठमाण्डौ

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/२६

काठमाण्डौ जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं. ५ बस्ने श्रीमती बुद्धकुमारी लामाको मृत्यु भएकोले, यस संस्थाको चावहिल शाखामा निजको नामको खातामा रहेको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरा श्री महेश लामाले निवेदन दिनु भएको हुँदा उक्त निक्षेपमा कसैको हकदावी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो सवुद प्रमाण सहित सम्बन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी पर्न नआएमा म्याद भुक्तान पश्चात् निवेदन दावी बमोजिम भई जाने र पछि कुनै पनि उजुर नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई यो सूचनाद्वारा जानकारी गराइन्छ।

वैदेशिक रोजगार विभाग
काठमाडौं।

दावी विरोध सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/१०/२६

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था TOP CHOICE MANPOWER PVT. LTD. (ई.प.नं.१५७५/०७९/८०) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा.नामसारी गरी पाउन कम्पनी रजिष्टारको कार्यालयका नाममा सहमतिको सिफारिस गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०४/२७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजोम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिलः

सावित शेयरधनीहरुको नाम र शेयर संख्या	अव कायम हुने शेयरधनीहरुको नाम र शेयर संख्या
१ कृष्ण मुरारी पुर्वे-(०१ देखि २५००० सम्म)	१ गम्भीर साह -(०१ देखि २५००० सम्म)
२ प्रदिप ठाकुर-(२५००१ देखि ५०००० सम्म)	(५०००१ देखि ६०००० सम्म)
३ उदय शंकर साह तेली-(५०००१ देखि ६०००० सम्म)	२ सुमिना धिताल (२५००१ देखि ५०००० सम्म)

द्विपक्षीय व्यापार र लगानी विस्तारमा नेपाल–कतार संयुक्त व्यवसाय परिषद् सक्रिय

news24

काठमाडौं, माघ २५

नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) र कतार चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीबीच गठन गरिएको संयुक्त व्यवसाय परिषद् (जेबीसी) सम्बन्धी छलफलका लागि कतार चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री (क्यूसीसीआई) को प्रतिनिधिमण्डल काठमाडौं आइपुगेको छ।

संयुक्त व्यवसाय परिषद् स्थापनासम्बन्धी सम्झौता सन् २०२४ अप्रिलमा कतार राज्यका महामहिम अमिर शेख तमिम बिन हमद अल थानीको नेपाल भ्रमणका क्रममा हस्ताक्षर भएको थियो। यस सम्झौताले नेपाल र कतारबीचको आर्थिक सहकार्यलाई थप सुदृढ बनाएको छ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको निमन्त्रणामा काठमाडौं आएको कतारी प्रतिनिधिमण्डलको नेतृत्व जेबीसीका बोर्ड सदस्य मोहद अहमद एम. ए. अलोबैद् लीले गरेका छन्। काठमाडौंमा परिषद्को बैठक माघ २६ र २७ गते बस्नेछ। संयुक्त व्यवसाय परिषद् नेपाल र कतारका निजी क्षेत्रबीच संवाद, व्यावसायिक सहकार्य तथा प्रत्यक्ष संलग्नता प्रवर्धन गर्ने संरचित मञ्चका रूपमा स्थापना गरिएको हो।

काठमाडौं बसाइका क्रममा प्रतिनिधिमण्डलले उच्चस्तरीय भेटघाटहरू गर्नेछ। प्रतिनिधिमण्डलले अर्थमन्त्री रमेश्वरप्रसाद खनाल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हा तथा नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलसँग भेट गर्ने कार्यक्रम छ।

नेपाल-कतार आर्थिक सम्बन्धलाई थप मजबुत बनाउने र व्यापार तथा लगानी वृद्धि गर्न योगदान पुऱ्याउने नेपाल उद्योग वाणिज्य महासंघको अपेक्षा

संयुक्त व्यवसाय परिषद्ले अन्तिम रूप दिई सक्रिय बनाउनु द्विपक्षीय व्यापार विस्तार, लगानी प्रवाह प्रोत्साहन तथा दुवै देशका व्यवसायीबीच साझेदारी सुदृढ गर्न महत्त्वपूर्ण हुने महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए। अध्यक्ष ढकालका अनुसार छलफलहरू परिषद्लाई व्यावहारिक र परिणाममुखी बनाउने तथा सहकार्यका ठोस क्षेत्र पहिचानमा केन्द्रित रहनेछन्।

नेपाल र कतारबीच लामो समयदेखि सौहार्दपूर्ण सम्बन्ध र सशक्त जनस्तरीय सम्पर्क रहेको छ, जुन अहिले थप गहिरो आर्थिक सहकार्यतर्फ अघि बढिरहेको छ। पछिल्ला उच्चस्तरीय द्विपक्षीय भेटघाटहरूले निजी क्षेत्रको सहभागिता बढाउन सकारात्मक वातावरण सिर्जना गरेको छ। महासंघले यस भ्रमणलाई त्यस दिशामा समयोचित कदमका रूपमा लिएको जनाएको छ।

नेपालमा जलविद्युत् तथा नवीकरणीय ऊर्जा, पर्यटन, कृषि-प्रशोधन, सूचना प्रविधि, उत्पादन, पूर्वाधार, स्वास्थ्य र शिक्षा लगायतका क्षेत्रमा आकर्षक लगानी अवसरहरू उपलब्ध छन्।

नेपालको निजी क्षेत्रको सबैभन्दा ठूलो छाता संगठनका रूपमा महासंघले विदेशी लगानी सहजीकरण, संस्थागत सहकार्य सुदृढीकरण तथा व्यवसाय-देखि-व्यवसाय सम्पर्क प्रवर्धन गरिरहेको छ। यस बैठकका उपलब्धिहरूले आगामी दिनमा नेपाल-कतार आर्थिक सम्बन्धलाई थप मजबुत बनाउने र व्यापार तथा लगानी वृद्धि गर्न योगदान पुऱ्याउने महासंघको अपेक्षा रहेको छ।

नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी सम्पन्न

काठमाडौं। नेपालको निर्माण क्षेत्रको विकासमा केन्द्रित नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनीको एघारौं संस्करण आइतबार सफलतापूर्वक सम्पन्न भएको छ। निर्माण क्षेत्रसँग सम्बन्धित स्वदेशी तथा विदेशी प्रविधि, सामग्री र सेवाहरूलाई एउटै मञ्चमा प्रस्तुत गर्ने उद्देश्यका साथ काठमाडौंको भृकुटीमण्डपस्थित प्रदर्शनी स्थलमा माघ २२ देखि सञ्चालनमा आएको प्रदर्शनीमा ६५ हजार अवलोकनकर्ताले भ्रमण गरेका छन्।

तीन सयभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्राण्डको सहभागिता रहेको प्रदर्शनीमा दुई सयभन्दा बढी स्टलमार्फत निर्माण उद्योगका नवीनतम सेवा तथा सामाग्री प्रदर्शन गरिएका छन्। एक दशकदेखि मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचर एक्स ट्रेड फेयर एण्ड इभेन्ट्स प्रालिको संयुक्त आयोजनामा सम्पन्न हुँदै आएको नेपाल बिल्डकनले सुरुवातदेखि नै नेपाली निर्माण उद्योगलाई आधुनिक प्रविधि र अन्तर्राष्ट्रिय अभ्याससँग जोड्दै आएको छ।

प्रदर्शनीले स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नुका साथै अन्तर्राष्ट्रिय बजारमा प्रचलित नयाँ प्रविधि र सेवाहरू नेपाली बजारमा भित्र्याउने काम पनि गर्दै आएको छ। प्रदर्शनीमा आर्किटेक्चरल हार्डवेयर, एल्युमिनियम एक्स्ट्रुजन, मार्बल, टाइल्स, सेनेटरी वेयर, मोड्युलर तथा आधुनिक किचन, रूफिङ, क्ल्याडिङ, लिफ्ट, एलिभेटर, एस्केलेटर, ढोका-झ्याल, फ्लोरिङ, वाल कभरिङ, ग्लास ग्लेजिङ, पाइप तथा प्लम्बिङ सामग्री, कन्स्ट्रक्सन केमिकल, पीभीसी तथा युपीभीसी प्रोफाइल, ब्याट्री, जेनेरेटर, सिमेन्ट र स्टिललगायत निर्माण क्षेत्रसँग सम्बन्धित सम्पूर्ण सामग्री तथा सेवाहरू समेटिएका थिए। निर्माण व्यवसायी, आयातकर्ता, उत्पादक, वितरक, सेवा प्रदायक, आर्किटेक्ट, इञ्जिनियर, डिजाइनर तथा घर-भवन निर्माण योजना बनाइरहेका व्यक्तिहरूका लागि प्रदर्शनी अत्यन्त उपयोगी भएको छ। प्रदर्शनीको मुख्य प्रायोजक फ्लाइबर्ड इन्टेरियर रहेको थियो भने पावर्ड बाईमा लुम्बिनी सेरामिक्स (लेमिनार टाइल्स) रहेको थियो।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रीय कार्यालय: काठमाण्डौ-२, लाजिम्पाट
फोन : ०१-४५४५४२४/२५/२६
वेभसाइट: www.garimabank.com.np

गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

(**सूचना प्रकाशित मिति:** २०८२/१०/२६)

यस विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (**सात**) **दिनभित्र** कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ। विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ।

तपसिल

क्र.सं.	शाखा कार्यालय	सम्पत्तिको विवरण	सम्पत्तिको प्रकार
१	सुनवल शाखा	मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं. ४/ग स्थित कित्ता नं. २१११ को क्षेत्रफल ०-२-१०-० (बिघा) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	जग्गा
२	फार्साटिकर शाखा	मालपोत कार्यालय रुपन्देहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला आनन्दवन गा.वि.स.-६/ख स्थित कि.नं. ७ र ५५३ को क्षेत्रफल क्रमशः ०-०-१७-० र ०-४-१२-० (बिघा) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	घर/जग्गा

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८२/११/०३) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/११/११ गते सोमबार दिनको ५:०० बजे विकास बैंकको शाखा कार्यालय, क्षेत्रीय कार्यालयहरु वा केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for payment cheque/manager cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ। बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ। तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ। बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दै-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त धरौटी रकम फिर्ता हुने छैन।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ।

नेप्से परिसूचक घट्यो, कारोबार बढ्यो

news24

काठमाडौं, माघ २५

नेपाल स्टक एक्स्चेन्ज (नेप्से) परिसूचक साताको पहिलो दिन आइतबार घटेको छ। गत साताको अन्तिम दिन बिहीबार २७.१९ अंकले उकालो लागेको नेप्से आइतबार १०.२४ अंकले घटेर २६९८.४५ अंकमा झरेको हो।

नेप्से सूचक घटे पनि कारोबार रकम भने बढेको छ। कुल ११ अर्ब ६५ करोड ९७ लाख ५२ हजार रुपैयाँ बराबरको २ करोड ६२ लाख ३६ हजार २०४ कित्ता शेयर किनबेच भएको छ। कारोबार रकम बिहीबारको तुलनामा ७ करोड ६९ लाख रुपैयाँले बढी हो। बिहीबार ११ अर्ब ५८ करोड २८ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो।

नेप्से उपसूचक समूहमध्ये लगानी ०.०९ र अन्य समूह ०.४६ प्रतिशतले बढेका छन् भने घट्ने समूहमा सबैभन्दा धेरै होटल तथा पर्यटन समूह २.१३ प्रतिशतले घटेका छन्। त्यस्तै, व्यापार १.३०, निर्जीवन विमा ०.२८, म्युचुअल फण्ड ०.६१, लघुवित्त ०.२१, उत्पादन तथा प्रशोधन १.१६, जीवन विमा ०.७१, जलविद्युत् ०.३१, वित्त ०.०१, विकास बैंक ०.९२ र बैंक समूह ०.१३ प्रतिशतले घटेका छन्।

आइतबार ८५ कम्पनीको शेयर बढ्दा १६८ वटा घटेका छन् भने ७ वटाको शेयरमूल्य स्थिर छ। सुपरमाई हाइड्रोपावर कम्पनीमा सकारात्मक सर्किट लागेको छ। त्यस्तै रिडी पावर ९.९८, खानीखोला हाइड्रोपावर ९.९७, हिमालयन हाइड्रोपावर ५.३९ र जोशी हाइड्रोपावर विकास कम्पनीको शेयर मूल्य ४.४९ प्रतिशतले बढेको छ।

कालिन्चोक दर्शन ८.९१ , कर्पोरेट विकास बैंक ८.२९, नारायणी विकास बैंक ५.६४ र युनियन हाइड्रोपावरको शेयर मूल्य भने ४.७१ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै सुपर मादी हाइड्रोपावरको ५६ करोड तीन लाख ४८ हजार रुपैयाँबराबरको खरिदबिक्री भएको छ। आँखुखोला जलविद्युत् ५१ करोड ४९ लाख र रिडी पावर ४७ करोड ७४ लाख रुपैयाँबराबरको किनबेच भएको छ।

लाभांशबारे जानकारी दिन निर्देशन

नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले कम्पनीहरूले प्रदान गर्ने लाभांश, ब्याजलगायत वितरणसम्बन्धी जानकारी ईमेल वा एसएमएसमार्फत शेयरधनीलाई दिन निर्देशन दिएको छ। नेप्सेलेसबै सूचीकृत कम्पनीहरूका नाममा सूचना जारी गरी लाभांशबारे जानकारी दिन निर्देशन दिएको हो।

नेप्सेले कम्पनीहरूलाई लाभांश वितरण गर्दा विवरणहरू प्रष्ट पार्न निर्देशन पनि दिएको छ। साधारण शेयर वा म्युचुअल फण्डको इकाइका हकमा स्टक सिम्बोल, आर्थिक वर्ष र लाभांश दर (प्रतिशत)मा प्रष्ट खुलाउनुपर्ने नेप्सेले स्पष्ट पारेको छ। त्यस्तै ऋणपत्र वा डिबेन्चरका हकमा स्टक सिम्बोल, आर्थिक वर्ष र ब्याजदर (प्रतिशत)मा खुलाउनुपर्ने नेप्सेको निर्देशनमा उल्लेख छ।

टप गेनर्स

कम्पनी	वृद्धि प्रतिशत
सुपरमाई हाइड्रोपावर	१०
रिडी पावर	९.९८
खानीखोला हाइड्रोपावर	९.९७
हिमालयन हाइड्रोपावर	५.३९
जोशी हाइड्रोपावर	४.४९

टप लुजर्स

कम्पनी	वृद्धि प्रतिशत
कालिञ्चोक दर्शन	८.९१
कर्पोरेट विकास बैंक	८.२९
नारायणी विकास बैंक	५.६४
युनियन हाइड्रोपावर	४.७१
बन्दीपुर केबलकार एण्ड टुरिजम	४.७

टप टर्नओभर

कम्पनी	कारोबार रकम
सुपर मादी	५६,०३,४८,१५५
आँखुखोला हाइड्रोपावर	५१,४९,५७,४३२
रिडी पावर	४७,७४,९२,५०१
राधी विद्युत कम्पनी	४३,९८,३४,००५
एसवाई प्यानल नेपाल	४२,४१,५६,४०६

उप्रेतीलाई सिटिजन्स बैंकको अवार्ड

काठमाडौं। यस वर्षको 'म्यान-सिटिजन्स एस्पायरिङ म्यानेजर अवार्ड' गौरव उप्रेतीलाई प्रदान गरिएको छ। नेपाल व्यवस्थापन संघ (म्यान)को राष्ट्रिय व्यवस्थापन सम्मेलनमा शनिबार प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतबाट पुस्कार प्रदान गरिएको हो।

पुरस्कारको चयन प्रक्रियामा सिटिजन्स बैंक, पूर्वाञ्चल विश्वविद्यालय र म्यानका पदाधिकारीहरूको एक समितिले गरेको हो। अवार्डले नेपालको म्यानेजमेन्ट शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने र यसले भविष्यका म्यानेजमेन्ट पेशेवरहरूलाई प्रोत्साहित गर्ने विश्वास बैंकले लिएको छ।

सिटिजन्स बैंक र म्यानबीच गत वर्ष एमबीए तहमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन गर्ने उद्देश्यले 'म्यान-सिटिजन्स एस्पायरिङ म्यानेजर अवार्ड' स्थापना गर्न समझदारीपत्रमा हस्ताक्षर गरिएको थियो। सम्झौताअनुसार प्रत्येक वर्ष पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत एम.बी.ए.मा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई ५१ हजार रुपैयाँको पुरस्कार प्रदान गरिनेछ।

इटहरीमा बतास एमएडब्लूको अत्याधुनिक आइशर थ्री एस फ्यासिलिटी

काठमाडौं (संवाददाता) - बतास एमएडब्लू कमर्सियल भेहिकल्स प्रालिले सुनसरीको रामधुनी नगरपालिका-तित्रिवन, इटहरीमा अत्याधुनिक आइशर थ्री एस (सेल्स, सर्भिस र स्पेयर्स) फ्यासिलिटीको औपचारिक उद्घाटन गरेको छ। यस नयाँ फ्यासिलिटी सञ्चालनमा आएसँगै पूर्वी नेपालमा भोल्भो-आइशर कमर्सियल भेहिकल्सको बिक्री तथा आफ्टर सेल्स सर्भिस नेटवर्क थप मजबुत बनेको कम्पनीले जनाएको छ।

उद्घाटन समारोहमा रामधुनी नगरपालिकाकी उप-प्रमुख श्रीमती तारा थापा, एमएडब्लू ग्रुप तथा बीएमसीभीका अध्यक्ष विष्णुकुमार अग्रवाल, बतास एमएडब्लू कमर्सियल भेहिकल्सका प्रबन्ध निर्देशक शान्तराज बतास तथा भीई कमर्सियल भेहिकल्सका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय व्यवसाय प्रमुख अमन अरोरालगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति थियो। कार्यक्रममा उद्योग, बैंकिङ, अटोमोबाइल क्षेत्रका प्रतिनिधि, ग्राहक तथा व्यावसायिक साझेदारहरूको उल्लेख्य सहभागिता थियो।

थ्री एस फ्यासिलिटी दक्ष प्राविधिक जनशक्ति, आधुनिक डायग्नोस्टिक उपकरण तथा पूर्णरूपमा सुसज्जित ओरिजिनल स्पेयर पार्ट्स सेन्टरसहित सञ्चालनमा आएको छ। यसले सवारीसाधनको मर्मतसम्भार छिटो र प्रभावकारी बनाउँदै अधिकतम अपटाइम सुनिश्चित गर्ने कम्पनीको लक्ष्य रहेको छ।

कार्यक्रममा अतिथिहरूले यस फ्यासिलिटीले स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नुका साथै पूर्वी नेपालको ढुवानी, यातायात तथा आर्थिक गतिविधिमा सकारात्मक योगदान पुऱ्याउने विश्वास व्यक्त गरे। कम्पनीका अनुसार इटहरी क्षेत्र पूर्वी नेपालको प्रमुख व्यावसायिक करिडोर भएकाले यहाँको थ्री एस फ्यासिलिटीले फ्लिट अपरेटर र यातायात व्यवसायीलाई सहज, भरपर्दो र गुणस्तरीय सेवा उपलब्ध गराउनेछ। बतास एमएडब्लू कमर्सियल भेहिकल्सले आगामी दिनमा पनि ग्राहक-केन्द्रित सेवा, बलियो आफ्टर सेल्स सपोर्ट र नेटवर्क विस्तारमार्फत नेपाली कमर्सियल भेहिकल बजारमा आफ्नो उपस्थिति थप सुदृढ गर्दै लैजाने जनाएको छ।

सानिमा रिलायन्सलाई अन्तर्राष्ट्रिय सम्मान

काठमाडौं। सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले छैटौं इमर्जिङ एसिया इन्स्योरेन्स कन्क्लेभ एण्ड अवार्ड्स २०२५ मा 'बेस्ट स्ट्राटेजिज फर इन्स्योरेन्स कभरेज फर द इयरको प्रतिष्ठित अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गरेको छ।

थाइल्याण्डको बैंककमा सम्पन्न कार्यक्रम इण्डियन चेम्बर अफ कमर्सद्वारा आयोजना गरिएको हो, जसमा एसियाका उदाउँदा बीमा बजारहरूमा नवीनता, रणनीतिक प्रभाव, बीमा पहुँच विस्तार तथा ग्राहक-केन्द्रित पहलहरूलाई मूल्यांकन गरी प्रदान गरिने एक प्रतिष्ठित अन्तर्राष्ट्रिय अवार्ड हो। यस विधामा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स छनोट हुनु कम्पनीले अवलम्बन गरेको दीर्घकालीन, समावेशी र व्यावहारिक बीमा रणनीतिहरूको स्पष्ट प्रतिविम्ब हो। अवार्ड ग्रहण गर्दै कम्पनीका अध्यक्ष रतनलाल केडियाले अन्तर्राष्ट्रिय सम्मान प्राप्त गर्नु कम्पनीका लागि गौरवको विषय रहेको र यो अवार्ड कम्पनीको रणनीतिक सोच, टिमको समर्पण र ग्राहक-केन्द्रित दृष्टिकोणको मान्यता रहेको बताए। साथै सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स सधैं बीमालाई सरल, पहुँचयोग्य र विश्वासिलो बनाउने उद्देश्यमा केन्द्रित रहँदै आएको उल्लेख गरे।

यस उपलब्धिप्रति प्रतिक्रिया दिँदै कम्पनीका प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले, कम्पनीले प्राप्त गरेको अन्तर्राष्ट्रिय अवार्डले सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सलाई नेपालमा मात्र नभई एसियाली बीमा बजारमा समेत एक सक्षम, रणनीतिक र भरोसायोग्य जीवन बीमा कम्पनीका रूपमा थप सुदृढरूपमा स्थापित गरेको बताए।

पौवादुङ गोल्डकप र माघी मेलाले पर्यटनमा रौनक

भोजपुर। स्थानीयस्तरमा सञ्चालन हुने खेलकुद प्रतियोगिता तथा मेला, महोत्सवले पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउँदै आएका छन्। खेल तथा मेलाका अवसरमा स्थानीय पालिकासहित छिमेकी जिल्ला तथा देशका विभिन्न स्थानबाट आउने खेलाडी र खेलप्रेमीको उपस्थितिले यहाँको पर्यटन प्रवर्धनमा सकारात्मक प्रभाव परेको स्थानीयवासीले बताएका छन्।

खेलकुदलाई पर्यटन प्रवर्धनको आधार बनाउँदै जिल्लाको पौवादुङमा गाउँपालिकाले हालै तेम्रो पौवादुङमा गोल्डकप तथा माघी मेला सफलतापूर्वक सम्पन्न गरेको छ। प्रतियोगिता तथा मेलाका कारण जिल्लाभित्र र बाहिरबाट आएका आगन्तुकको उपस्थितिले स्थानीय पर्यटन र व्यवसायमा सकारात्मक प्रभाव पारेको छ।

गोल्डकप तथा माघी मेलाका अवसरमा स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्रीसमेत गरिएको थियो। घरेलु कृषि उपज, हस्तकला सामग्री तथा परम्परागत खानाका स्टलहरूले दर्शकको ध्यान आकर्षित गरेका थिए। यसले स्थानीय उत्पादनको बजारीकरणमा सहयोग पुग्नुका साथै किसान र उद्यमीलाई प्रोत्साहन मिलेको गाउँपालिकाले जनाएको छ। स्थानीयस्तरमा सञ्चालन हुने यस्ता खेलकुद प्रतियोगिता तथा सांस्कृतिक मेलाले रोजगारी सृजना, आर्थिक गतिविधि विस्तार र गाउँको पहिचान निर्माणमा योगदान पुऱ्याउँदै आएका छन्।

स्थानीयवासीले यस्ता कार्यक्रमलाई अझ व्यवस्थित र दीर्घकालीन रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। शुक्रबार सम्पन्न गोल्डकप तथा माघी मेलामा सहभागी हुन गाउँपालिकाका विभिन्न वडासहित छिमेकी जिल्ला तथा देशका अन्य स्थानबाट खेलाडी, प्रशिक्षक, दर्शक र खेलप्रेमीको बाक्लो उपस्थिति देखिएको थियो। प्रतियोगिता अवलोकनका लागि बाहिरबाट आएका आगन्तुकका कारण होटल, रेस्टुरेन्ट तथा यातायात व्यवसायसमेत चलायमान बनेको स्थानीय व्यवसायी दिनेश अधिकारीले बताए।

'यस्ता प्रतियोगिता हुँदा बाहिरबाट धेरै मानिस आउँछन्,' उनले भने, 'यसले खेलकुदसँगै गाउँको चिनारी बढाएको छ। होटल तथा व्यापार व्यवसायलाई पनि फाइदा पुगेको छ।'

खेलकुद क्षेत्रको विकाससँगै आन्तरिक पर्यटन प्रवर्धन गर्ने लक्ष्यका साथ पौवादुङमा गाउँपालिकाले विगतका वर्षदेखि नै पौवादुङमा गोल्डकप तथा माघी मेला आयोजना गर्दै आएको छ। गाउँपालिकाले यस्ता कार्यक्रममार्फत स्थानीय सम्भावना उजागर गर्ने र गाउँलाई पर्यटकीय गन्तव्यका रूपमा चिनाउने रणनीति लिएको जनाएको छ।

गाउँपालिका अध्यक्ष किरण राईका अनुसार खेलकुद प्रतियोगिता तथा मेला, महोत्सवले पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। 'खेलकुद र संस्कृति जोडिएका कार्यक्रमले यहाँको पर्यटन प्रवर्धनमा टेवा पुऱ्याएको छ,' उनले भने, 'आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै थप व्यवस्थित बनाउने योजना छ।' *(रासस)*

अण्डाको मूल्यमा उल्लेख्य गिरावट

काठमाडौं (संवाददाता) - अण्डाको मूल्यमा उल्लेख्य गिरावट आएको छ। नेपाल लेयर्स कुखुरापालक संघले सोमबारदेखि लागू हुने गरी नयाँ घटाइएको मूल्य सार्वजनिक गरेको हो। नेपालमा अण्डाको उत्पादन बढ्नुका साथै यही समयमा भारतबाट पनि अण्डा भित्रिएपछि मूल्य घट्न पुगेको संघले जनाएको छ।

नयाँ समर्थन मूल्यअनुसार ठूलो अण्डा प्रतिक्रेट (३० वटाको) ३७५ र मिडियम अण्डा ३३५ रुपैयाँ कायम गरिएको छ। यसअघि माघ २२ गते ठूलो अण्डा प्रतिक्रेट ४३५ र मिडियम ४०५ रुपैयाँ थियो। त्यसअघि माघ ११ गते ठूलो अण्डा ४९५ र मिडियम ४७५ रुपैयाँसम्म पुगेको थियो।

मंसिरमा अण्डाको मूल्य हालसम्मकै उच्च विन्दुमा पुगेको थियो। सो समयमा फार्ममा ठूलो अण्डा प्रतिक्रेट ५६५ रुपैयाँमा बिक्री भएको थियो भने मझौला अण्डा ५५० रुपैयाँमा कारोबार भएको थियो।

अध्यक्ष पोखरेलका अनुसार भारतीय सेतो अण्डा ठूलो मात्रामा भित्रिनु र आन्तरिक उत्पादन बढ्नुले स्वदेशी अण्डाले उचित बजार र मूल्य पाउन नसकेको हो। भारतीय अण्डाको आयात रोक्न संघले सरकारी निकायसँग निरन्तर माग गर्दै आएको छ। अण्डाको उत्पादन लागत प्रतिगोटा १९ रुपैयाँ १२ पैसा पर्न आउने गरेको छ। यसअनुसार प्रतिक्रेट लागत मूल्य ५७४ रुपैयाँ ६ पैसा पुग्छ।

लागत मूल्यनजिक पुगेको अवस्थामा फेरि अण्डाको मूल्य घटेपछि किसानहरू निराश बनेका छन्। संघले देशभरका फार्मबाट मूल्य संकलन गरी चितवनलाई आधार मानेर अण्डाको समर्थन मूल्य निर्धारण गर्ने गर्छ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

प्रधान कार्यालय : लाजिम्पाट, काठमाण्डौं

फोन नं. : ०१-४५४५४२४/२५/२६/२७/२८/३०, **वेभसाइट :** www.garimabank.com.np

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८२/१०/२६

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिंदाको बखत धितो सुरक्षण स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

१. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
ऋणीको नाम : कृष्ण कुमार राय बावुको नाम : वृज कुमार राय बाजेको नाम : वन्तीलाल राय स्थायी ठेगाना : सलेमपुर गा.वि.स.-७, सर्लाही हालको ठेगाना : कविलासी न.पा.-१०, सर्लाही ना.प्र.नं.: १९१०४०/५११ जारी मिति : २०६९/११/२८ जारी जिल्ला : सर्लाही **कर्जा शीर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा** **शाखा कार्यालय : मलंगवा, सर्लाही**	**क) नाम, थर : वृज कुमार राय** बावुको नाम : वन्तीलाल राय बाजेको नाम : धरखन राय स्थायी ठेगाना : सल्यमपुर गा.वि.स.-७, सर्लाही हालको ठेगाना : कविलासी न.पा.-१०, सर्लाही ना.प्र.नं.: ८१३४३७५७ जारी मिति : २०४६/०३/०८, जारी जिल्ला : सर्लाही **ख) नाम, थर : राम कली** पतीको नाम : वृज कुमार राय ससुराको नाम : वन्तीलाल राय स्थायी ठेगाना : सलेमपुर गा.वि.स.-७, सर्लाही हालको ठेगाना : कविलासी न.पा.-१०, सर्लाही ना.प्र.नं.: ८१३४३५६२ जारी मिति : २०४५/०२/०६, जारी जिल्ला : सर्लाही

सुरक्षण धितोको विवरण :
१. मालपोत कार्यालय मलंगवा, सर्लाहीमा कृष्ण कुमार रायको नाममा दर्ता श्रेस्ता कायम रहेको सलेमपुर गा.वि.स. वडा नं.-७ नक्सा सिट नं. १६९/०७२६.०४ स्थित कित्ता नं.१९ क्षे.फ. ५०.०० ब.मि. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. मालपोत कार्यालय मलंगवा, सर्लाहीमा वृज कुमार रायको नाममा दर्ता श्रेस्ता कायम रहेको सलेमपुर गा.वि.स. वडा नं. -७ नक्सा सिट नं. १६९/०७२६-०४ र १६९/०७२६-४ स्थित कित्ता नं. २०, २१ क्षे.फ. ११६.००, ४०.०० ब.मि. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. मालपोत कार्यालय मलंगवा, सर्लाहीमा राम कली को नाममा दर्ता श्रेस्ता कायम रहेको सलेमपुर गा.वि.स. वडा नं. -३ नक्सा सिट नं. ३ख स्थित कित्ता नं.७ क्षे.फ.०-५-१०-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. मालपोत कार्यालय मलंगवा, सर्लाहीमा राम कली को नाममा दर्ता श्रेस्ता कायम रहेको सलेमपुर गा.वि.स. वडा नं. - २ नक्सा सिट नं. २ख स्थित कित्ता नं.३४० क्षे.फ.०-१-८-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
क) ऋणीको नामः न्यु साह पशु फार्म फर्मको ठेगानाः वृन्दाबन न.पा. वडा नं.-६, रौतहट फर्म दर्ता नं.: १२०४३/१७१/५२५/७, वृन्दाबन फर्म दर्ता मितिः २०८०-६-१७ फर्मको पान नं.: ६२०५१०६७१ फर्म दर्ता निकायः मधेश प्रदेश सरकार उद्योग, पर्यटन, वन मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौर **प्रोप्राईटरः संजित कुमार साह** **कर्जा शीर्षकः कृषि आवधिक कर्जा** **शाखा कार्यालयः चन्द्रपुर, रौतहट** **ख) ऋणीको नामः सुरेश किराना पसल** फर्मको ठेगानाः वृन्दाबन न.पा. वडा नं.-६, रौतहट फर्म दर्ता नं.: १३८९४/८७५ फर्म दर्ता मितिः २०८०-०२-१० फर्मको पान नं.: ६१९९८१०४४ फर्म दर्ता निकायः नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग **प्रोप्राईटरः सुनिता कुमारी देवी** **कर्जा शीर्षकः साना तथा मझौला आवधिक कर्जा** **शाखा कार्यालयः चन्द्रपुर, रौतहट**	**क) नाम : संजित कुमार साह** बावुको नाम : ठगा साह बाजेको नाम : धडकन साह स्थायी ठेगाना : स. धमौरा-९, रौतहट हालको ठेगाना : बृन्दावन न.पा.-१, रौतहट ना.प्र.नं.: १७४५ जारी मितिः २०५६/०४/२३, जारी जिल्लाः रौतहट **ख) नाम, थर : सुनिता कुमारी देवी** पतिको नामः संजित कुमार साह ससुराको नामः ठगा साह स्थायी ठेगानाः सखुअवा धमौरा-९, रौतहट हालको ठेगानाः बृन्दावन न.पा.-१, रौतहट ना.प्र.नं.: ३२३०८४-१०३३ जारी मितिः २०६४/०१/१३, जारी जिल्लाः रौतहट **ग) नाम : शैली देवी** पतिको नामः ठागा साह ससुराको नामः धडकन साह स्थायी ठेगाना : स.धमौरा-९, रौतहट हालको ठेगाना : बृन्दावन न.पा.-१, रौतहट ना.प्र.नं.: ३२३०८४/१३८३ जारी मितिः २०६४/०१/१४, जारी जिल्लाः रौतहट

सुरक्षण धितोको विवरण :
मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा सुनिता कुमारी देवी को नाममा दर्ता श्रेस्ता कायम रहेको रमौलि बैरिया गा.वि.स.वडा नं. १, रौतहट नक्सा सिट नं १ स्थित कित्ता नं. ४४२ क्षे.फ. ०-७-५-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
ऋणीको नामः निरज वम मल्ल बावुको नामः ध्रुव प्रताप मल्ल बाजेको नामः शक्ति वम मल्ल स्थायी ठेगानाः बुटवल-६, रुपन्देही हालको ठेगानाः बुटवल उ.म.न.पा.-६, रुपन्देही ना.प्र.नं.: १६०१४ जारी मितिः २०६०-०९-३०, जारी जिल्लाः रुपन्देही **कर्जा शीर्षकः व्यक्तिगत अधिविकर्ष कर्जा** **शाखा कार्यालयः हात्तिगौंडा, काठमाण्डौं** **व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण** **क) नाम, थरः ध्रुव प्रताप मल्ल** बावुको नामः शक्ति वम मल्ल बाजेको नामः रण वम मल्ल स्थायी ठेगानाः पकुवा-९, पर्वत हालको ठेगानाः बुटवल उ.म.न.पा.-६, रुपन्देही ना.प्र.नं.: ध.प. २३०६ जारी मितिः २०४२/०५/११ जारी जिल्लाः पर्वत	**ख) नाम, थरः शारदा मल्ल** पतिको नामः ध्रुब प्रताप मल्ल ससुराको नामः शक्ति वम स्थायी ठेगानाः सौ. फर्साटिकर-१, रुपन्देही हालको ठेगानाः बुटवल उ.म.न.पा.-६, रुपन्देही ना.प्र.नं.: ६।६/१२०६ जारी मितिः २०४६/०१/३०, जारी जिल्लाः रुपन्देही **ग) नाम, थरः निरजन बम मल्ल** बावुको नामः ध्रुव प्रताप मल्ल बाजेको नामः शक्ति बम मल्ल स्थायी ठेगानाः सौ. फर्साटिकर-१, रुपन्देही हालको ठेगानाः बुटवल उ.म.न.पा.-६, रुपन्देही ना.प्र.नं.: ११३२० जारी मितिः २०५९/०३/३०, जारी जिल्लाः रुपन्देही **घ) नाम, थरः सुनिता श्रेष्ठ** पतिको नामः निरज वम मल्ल ससुराको नामः ध्रुव प्रताप मल्ल स्थायी ठेगानाः बुटवल-४, रुपन्देही हालको ठेगानाः बुटवल उ.म.न.पा.-६, रुपन्देही ना.प्र.नं.: ३७२०२४/५७३८० जारी मितिः २०६६/१०/२७, जारी जिल्लाः रुपन्देही

सुरक्षण धितोको विवरण : मालपोत कार्यालय रुपन्देहीमा शारदा मल्लको नाममा दर्ता श्रेस्ता कायम रहेको सौ. फर्साटिकर गा.वि.स/न.पा वडा नं. १ नक्सा सीट नं.१ख को कित्ता नं. १२२२ क्षे.फ. ०-१-१८-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
ऋणीको नामः पुनम ग्रुप ट्रेड लिंक प्रा.लि. कम्पनीको ठेगानाः सैनामैना न.पा.-२, रुपन्देही कम्पनी दर्ता नं.: २२३८१८/०७६/०७७ कम्पनी दर्ता मितिः २०७६/०५/२३ कम्पनीको पान नं.: ६०९६२१४८८ कम्पनी दर्ता निकायः नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय **अख्तियार प्राप्त व्यक्तिः जुना ज्ञवाली उपाध्याय** **कर्जा शीर्षकः क्यास क्रेडिट कर्जा र पुनरसंरचना कर्जा** **शाखा कार्यालयः मुर्गिया, रुपन्देही** **नोट :** ऋणी पुनम ग्रुप ट्रेड लिंक प्रा.लि.को **क्यास क्रेडिट कर्जामा** व्यक्तिगत धनजमानीकर्ताहरु जुना ज्ञवाली उपाध्याय, नोगराज उपाध्याय, तारा कटुवाल रहेको र **पुनरसंरचना कर्जामा** व्यक्तिगत धनजमानीकर्ता जुना ज्ञवाली उपाध्याय रहेको।	**क) नाम, थरः जुना ज्ञवाली उपाध्याय** पतिको नाम : नोग राज उपाध्याय ससुराको नाम : हरि प्रसाद उपाध्याय स्थायी ठेगाना : चिदिका गा.वि.स.-८, अर्घाखाँची हालको ठेगाना : सैनामैना न.पा-३, रुपन्देही ना.प्र.नं.: १३६३/३१९३ जारी मितिः २०५२/०६/२५ जारी जिल्लाः अर्घाखाँची **ख) नाम, थर : नोग राज उपाध्याय** बावुको नामः हरि प्रसाद उपाध्याय बाजेको नामः तेजनारायण उपाध्याय स्थायी ठेगानाः पर्रोहा गा.वि.स.-४, रुपन्देही हालको ठेगानाः सैनामैना न.पा-३, रुपन्देही ना.प्र.नं.: ५७५ जारी मितिः २०४६/०९/२४ जारी जिल्लाः रुपन्देही **ग) नाम, थरः तारा कटुवाल** पतिको नामः जयभद्र गौतम ससुराको नामः खडानन्द गौतम स्थायी ठेगानाः देउराली गा.वि.स.-९, भोजपुर हालको ठेगानाः सैनामैना न.पा-२, रुपन्देही ना.प्र.नं.: ४५५१/१२५३४ जारी मितिः २०५२/०३/१६, जारी जिल्लाः भोजपुर

सुरक्षण धितोको विवरण :
१. मालपोत कार्यालय बुटवल, रुपन्देहीमा जयभद्र गौतमको नाममा दर्ता श्रेस्ता कायम रहेको परौहा गा.वि.स. वडा नं. ५ नक्सा सिट नं ५/ख स्थित कित्ता नं. १६६० क्षे.फ. ०-०-१६१/२ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. मालपोत कार्यालय बुटवल, रुपन्देहीमामा तारा कटुवालको नाममा दर्ता श्रेस्ता कायम रहेको परौहा गा.वि.स. वडा नं. ५ नक्सा सिट नं ५/ख स्थित कित्ता नं. १५७२, १६१६, १६३४, क्षे.फ. ०-०-३३/४, ०-०-२१/२, ०-०-१२३/४ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. मालपोत कार्यालय बुटवल, रुपन्देहीमा नोगराज उपाध्यायको नाममा दर्ता श्रेस्ता कायम रहेको परौहा गा.वि.स. वडा नं. ४ नक्सा सिट नं ४/ख स्थित कित्ता नं. १००, २०१, क्षे.फ. ०-१-१०-०, ०-०-१७-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. मालपोत कार्यालय बुटवल, रुपन्देहीमा जुना ज्ञवाली उपाध्यायको नाममा दर्ता श्रेस्ता कायम रहेको परौहा गा.वि.स. वडा नं. ५ नक्सा सिट नं ५/ख स्थित कित्ता नं. १९११ क्षे.फ. १७३.५५ ब.मि. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

५. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
ऋणीको नामः जयेस मिष्ठान भण्डार फर्मको ठेगानाः बर्दघाट न.पा. वडा नं.-१२, नवलपरासी फर्म दर्ता नं.: १६४/३१०८ फर्म दर्ता मितिः २०७५-०५-२० फर्मको पान नं.: ६०००९७२५७ फर्म दर्ता निकायः नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी **प्रोप्राईटरः रबडी देवी कश्यप** **कर्जा शीर्षकः साना तथा मझौला आवधिक कर्जा** **शाखा कार्यालयः परासी, नवलपरासी**	**क) नाम, थर : रबडी देवी कश्यप** पतिको नाम : राम बेलास कश्यप ससुराको नाम : तुफानी कस्यप स्थायी ठेगाना : सरावल-९, नवलपरासी हालको ठेगाना : बर्दघाट न.पा.-१२, नवलपरासी ना.प्र.नं.: ३६१०६२/७ जारी मितिः २०६५/०८/१९, जारी जिल्लाः नवलपरासी **ख) नाम, थर : कपिलदेव चौधरी थारु** बावुको नाम : शिवनारायण थारु बाजेको नाम : पुरन चौधरी स्थायी ठेगाना : जहदा-८, नवलपरासी हालको ठेगाना : बर्दघाट न.पा.-१२, नवलपरासी ना.प्र.नं.: ७४४१४ जारी मितिः २०६१/०५/०७, जारी जिल्लाः नवलपरासी

सुरक्षण धितोको विवरण :
मालपोत कार्यालय नवलपरासीमा रबडी देवी कश्यप को नाममा दर्ता श्रेस्ता कायम रहेको जहदा वडा नं. ८, नवलपरासी नक्सा सिट नं ८ख स्थित कित्ता नं. ५६२ क्षे.फ. ०-०-१४ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

६. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
ऋणीको नामः वेलकम डिलक्स कोच प्रा.लि. कम्पनीको ठेगानाः काठमाण्डौं म.न.पा.-२६, काठमाण्डौं कम्पनी दर्ता नं.: २३१२६२/०७६/०७७ कम्पनी दर्ता मितिः २०७६/०९/११ कम्पनीको पान नं.: ६०९६९००५५ कम्पनी दर्ता निकायः नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं **अख्तियार प्राप्त व्यक्तिः विहारी लाल पंडित** **कर्जा शीर्षकः हायरपर्चेज कर्जा** **शाखा कार्यालयः लाजिम्पाट, काठमाण्डौं**	**क) नाम, थरः विहारी लाल पंडित** बावुको नामः जगदिश पंडित बाजेको नामः रमई पंडित कुम्हार स्थायी ठेगानाः देवापुर गा.वि.स.-७, बारा हालको ठेगानाः काठमाण्डौं म.न.पा.-२६, काठमाण्डौं ना.प्र.नं.: १५६०/१९५०/१६१३९ जारी मितिः २०५५-०३-२५, जारी जिल्लाः बारा **ख) नाम, थरः कोशिला प्रजापती** पतिको नामः विहारी लाल पंडित ससुराको नामः जगदिश पंडित स्थायी ठेगानाः देवापुर गा.वि.स.-७, बारा हालको ठेगानाः काठमाण्डौं म.न.पा.-२६, काठमाण्डौं ना.प्र.नं.: ३३१०१०/६९२३ जारी मितिः २०६५/०३/२३, जारी जिल्लाः बारा

सुरक्षण धितोको विवरण :
१. मालपोत कार्यालय कलैया बारामा जगदिश पंडित कुम्हारको नाममा दर्ता श्रेस्ता कायम रहेको इनर्वामाल गा.वि.स/न.पा वडा नं. ८ को कित्ता नं. ८९३ क्षे.फ. ०-७-५-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. मालपोत कार्यालय कलैया बारामा जगदिश पंडित कुम्हारको नाममा दर्ता श्रेस्ता कायम रहेको देवापुर गा.वि.स/न.पा वडा नं. ६ को कित्ता नं. ३४३ क्षे.फ. ०-२-०-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. यातायात व्यवस्था कार्यालय नारायणी विरगंञ्जमा गरिमा विकास बैंक लि.को नाममा दर्ता भई ऋणी वेलकम डिलक्स कोच कायम रहेको निम्न सवारी साधन :
सवारी दर्ता नं. : प्रदेश २-०३-००१-ख-०१५९, कम्पनीको नाम : टाटा मो. भारत
मोडेल : LP01512TC/53, बनेको साल : 2019, च्यासिस नम्वर : MAT412076K0R00338
इन्जिन नं. : 91G84894264
४. यातायात व्यवस्था कार्यालय नारायणी विरगंञ्जमा गरिमा विकास बैंक लि.को नाममा दर्ता भई ऋणी वेलकम डिलक्स कोच कायम रहेको निम्न सवारी साधन :
सवारी दर्ता नं. : प्रदेश २-०३-००१-ख-०१५८, कम्पनीको नाम : टाटा मो. भारत
मोडेल : LP01512TC/53, बनेको साल : 2019, च्यासिस नम्वर : MAT412076K0R00337
इन्जिन नं. : 91G84894258

७. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
ऋणीको नाम : होटल सामदान फर्मको ठेगाना : बिर्तामोड न.पा.-६, झापा फर्म दर्ता नं.: १४८९, फर्म दर्ता मितिः २०७७/०५/११ फर्मको पान नं. : ६१३५६७८६६ फर्म दर्ता निकाय : बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बिर्तामोड, झापा **प्रोप्राईटर : एन्जल राजवंशी** **कर्जा शीर्षक : महिला उद्यमशिल कर्जा** **शाखा कार्यालय : बिर्तामोड, झापा** **व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण** **क) नाम, थर : एन्जल राजवंशी** पतिको नाम : टिमलाल राजवंशी ससुराको नाम : सुरन राजवंशी स्थायी ठेगाना : राजगढ-३, झापा हालको ठेगाना : बिर्तामोड न.पा.-४, झापा ना.प्र.नं. : ०४१०२२/१००७ जारी मिति : २०६७/०३/२५, जारी जिल्ला : झापा	**ख) नाम, थर : टिम लाल राजवंशी** बावुको नाम : सुरन राजवंशी बाजेको नाम : हरमरिया राजवंशी स्थायी ठेगाना : राजगढ-३, झापा हालको ठेगाना : बिर्तामोड न.पा.-४, झापा ना.प्र.नं. : ०३/४३८१ जारी मिति : २०६३/०३/१६ जारी जिल्ला : झापा **ग) नाम, थर : टंकबहादुर राई** बावुको नाम : पारसकुवेर राई बाजेको नाम : भगीबन्त राई स्थायी ठेगाना : राजगढ-६, झापा हालको ठेगाना : बिर्तामोड न.पा.-४, झापा ना.प्र.नं. : ०३/८९४ जारी मिति : २०६२/०७/२२ जारी जिल्ला : झापा

सुरक्षण धितोको विवरण :
मालपोत कार्यालय भद्रपुर, झापामा एन्जल राजवंशीको नाममा दर्ता श्रेस्ता कायम रहेका राजगढ गा.वि.स/न.पा. वडा नं. ६ र नक्सा सिट नं. १७९०५५८ स्थित कि. नं. ३२५१ क्षे.फ. १३४६.६८ व.मि. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

८. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
ऋणीको नाम : रवि श्रेष्ठ बावुको नाम : बालकृष्ण श्रेष्ठ बाजेको नाम : शिव शंकर श्रेष्ठ स्थायी ठेगाना : बुढानिलकण्ठ न.पा-३, काठमाण्डौं हालको ठेगाना : बुढानिलकण्ठ न.पा-३, काठमाण्डौं ना.प्र.नं.: १३४९३, जारी मितिः २०५७/०२/१८ जारी जिल्ला : काठमाण्डौं **कर्जा शीर्षक : गरिमा सजिलो आवास कर्जा र व्यक्तिगत आवधिक कर्जा** **शाखा कार्यालय : हात्तिगौडा, काठमाण्डौं**	**क) नाम, थरः रोसन श्रेष्ठ** बावुको नामः वाल कृष्ण श्रेष्ठ बाजेको नामः शिव शंकर श्रेष्ठ स्थायी ठेगानाः का.म.पा-१७, काठमाण्डौ हालको ठेगानाः बुढानिलकण्ठ न.पा-३, काठमाण्डौ ना.प्र.नं.: ५७७८/३९९७ जारी मितिः २०४७/१०/०२, जारी जिल्लाः काठमाण्डौं **ख) नाम, थरः मधु सुदन श्रेष्ठ** बावुको नामः बाल कृष्ण श्रेष्ठ बाजेको नामः शिव शंकर श्रेष्ठ स्थायी ठेगानाः विष्णु-३, काठमाण्डौं हालको ठेगानाः बुढानिलकण्ठ न.पा.-३, काठमाण्डौं ना.प्र.नं.: ३५६१ जारी मितिः २०५९/०७/२२, जारी जिल्लाः काठमाण्डौं

सुरक्षण धितोको विवरण : मालपोत कार्यालय चावहिल, काठमाण्डौंमा रवि श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम रहेको विष्णु (बुढानिलकण्ठ) गा.वि.स./न.पा. वडा नं ३, काठमाण्डौं नक्सा सिट नं ३ख स्थित कित्ता नं.८०३ र ८०५ क्षे.फ. ०-२-१-० र ०-०-३-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

९. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
ऋणीको नाम : मनकामना किराना स्टोर्स फर्मको ठेगानाः नीलकण्ठ न.पा.-३, धादिङ फर्म दर्ता नं.: ४७९५/०७७/०७८ फर्म दर्ता मितिः २०७७/९/१५ फर्मको पान नं.: ६१४६६२९७३ फर्म दर्ता निकायः प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बाग्मती प्रदेश, नेपाल **प्रोप्राईटर : मिना माया गुरुङ** **कर्जा शीर्षक : साना तथा मझौला उद्यमशील अधिविकर्ष कर्जा** **शाखा कार्यालय : धादिङबेशी, धादिङ** **व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण** **क) नाम, थर : मिनामाया गुरुङ** पतिको नाम : पुरन वहादुर गुरुङ ससुराको नाम : ओक वहादुर गुरुङ स्थायी ठेगाना : चैनपुर गा.वि.स.-६, धादिङ हालको ठेगाना : निलकण्ठ न.पा.-३, धादिङ ना.प्र.नं.: २६२/७९०, जारी मितिः २०६०/११/०३ जारी जिल्लाः धादिङ्ग	**ख) नाम, थर : पुरन वहादुर गुरुङ** बावुको नाम : ओक वहादुर गुरुङ बाजेको नाम : पुड्के गुरुङ स्थायी ठेगाना : ज्वालामुखी गा.पा.-६, धादिङ हालको ठेगाना : निलकण्ठ न.पा.-३, धादिङ ना.प्र.नं.: १५२९४, जारी मितिः २०५३/०४/२१ जारी जिल्लाः धादिङ **ग) नाम, थर : ओक वहादुर गुरुङ** बावुको नाम : पुड्के गुरुङ बाजेको नाम : बहादुर गुरुङ स्थायी ठेगाना : चैनपुर गा.वि.स.-६, धादिङ हालको ठेगाना : निलकण्ठ न.पा.-३, धादिङ ना.प्र.नं.: १७४८, जारी मितिः २०४७/१२/०५ जारी जिल्लाः धादिङ **घ) नाम, थर : इच्छा वहादुर गुरुङ** बावुको नाम : ओक वहादुर गुरुङ बाजेको नाम : पुड्के गुरुङ स्थायी ठेगाना : चैनपुर गा.वि.स.-६, धादिङ हालको ठेगाना : निलकण्ठ न.पा.-३, धादिङ ना.प्र.नं.: २६-०१-७१-०२७४० जारी मितिः २०७१/०४/०६, जारी जिल्लाः धादिङ

सुरक्षण धितोको विवरण : मालपोत कार्यालय धादिङमा ओक वहादुर गुरुङ्गको नाममा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला चैनपुर गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ६७, ३२, ३७, ३०८, ३२३, ३३ र ३२०, क्षे.फ. ५-७-१-३, २-७-०-२, २-९-०-१, ५-४-०-२, १-३-०-३, २-५-३-२ र ०-१५-३-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

१०. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
ऋणीको नाम : अर्जुन कुमार परियार बाबुको नाम : लाले दमै बाजेको नाम : बुद्धीराम दमै स्थायी ठेगाना : चुवा गा.वि.स.-६, पर्वत हालको ठेगाना : कुस्मा नपा-८, पर्वत ना.प्र.नं.: ५११०११/२६२ जारी मितिः २०६६/११/१३, जारी जिल्लाः पर्वत **कर्जा शीर्षक : आवास कर्जा** **शाखा कार्यालयः कुस्मा, पर्वत** **व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण** **क) नाम, थर : लाले दमै** बाबुको नाम : बुद्धीराम दमै बाजेको नाम : देविराम स्थायी ठेगाना : चुवा गा.वि.स.-६, पर्वत हालको ठेगाना : कुस्मा नपा-८, पर्वत ना.प्र.नं.: ११४५ जारी मितिः २०४६/०१/१५, जारी जिल्लाः पर्वत **सुरक्षण धितोको विवरण :** मालपोत कार्यालय पर्वत मा लाले दमैको नाममा दर्ता श्रेस्ता कायम रहेको चुवा गा.वि.स.वडा न.-५, पर्वत को की. नं १३११ को क्षेत्रफल १४३.०-६-२-० व.मी. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**ख) नाम, थर : लक्ष्मी परियार** पतिको नाम : अर्जुन कुमार परियार ससुराको नाम : लाले दमै स्थायी ठेगाना : चुवा गा.वि.स.-६, पर्वत हालको ठेगाना : कुस्मा नपा-८, पर्वत ना.प्र.नं.: ५१-०१-७०-०२१६९ जारी मितिः २०७०/०२/२७, जारी जिल्लाः पर्वत **ग) नाम, थर : रामचन्द्र परियार** बाबुको नाम : लाले दमै बाजेको नाम : बुद्धीराम दमै स्थायी ठेगाना : चुवा गा.वि.स.-६, पर्वत हालको ठेगाना : कुस्मा नपा-८, पर्वत ना.प्र.नं.: ५११०११/२८८ जारी मितिः २०६७/०४/०२, जारी जिल्लाः पर्वत **घ) नाम, थर : न्याउली दमिनी** पतिको नाम : लाले दमै ससुराको नाम : बुद्धीराम दमै स्थायी ठेगाना : चुवा गा.वि.स-६, पर्वत हालको ठेगाना : कुस्मा नपा-८, पर्वत ना.प्र.नं.: २८३५० जारी मितिः २०५७/०२/२३, जारी जिल्लाः पर्वत

११. ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
ऋणीको नामः माँ राजकली जेनेरल स्टोर्स फर्मको ठेगाना : मलंगवा न.पा. वडा नं-९, सर्लाही फर्म दर्ता नं.: ३१०२/०७०/७१ (स्थानिय व्यापार) फर्म दर्ता मिति : २०७१/०२/२५ फर्मको पान नं.: ६१८३४१९३५ फर्म दर्ता निकाय : नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाही **प्रोप्राईटर : शैलेन्द्र प्रसाद यादव** **कर्जा शीर्षकः साना तथा मझौला अधिविकर्ष कर्जा** **शाखा कार्यालयः मलंगवा, सर्लाही**	**क) नाम, थर : शैलेन्द्र प्रसाद यादव** बावुको नाम : महादेव राय यादव बाजेको नाम : नथुनी राय स्थायी ठेगाना : मलंगवा न.पा.-९, सर्लाही हालको ठेगाना : मलंगवा न.पा.-९, सर्लाही ना.प्र.नं.: २९१७४६५२ जारी मितिः २०५९/१०/२८, जारी जिल्लाः सर्लाही **ख) नाम, थर : राजकली राय यादव** पतिको नाम : महादेव राय ससुराको नाम : नथुनी राय स्थायी ठेगाना : बेगी विष्णुपुर गा.वि.स.-९, सर्लाही हालको ठेगाना : मलंगवा न.पा.-९, सर्लाही ना.प्र.नं.: २३५८ जारी मितिः २०३३/१०/१३, जारी जिल्लाः सर्लाही

सुरक्षण धितोको विवरण : मालपोत कार्यालय मलंगवा सर्लाहीमा राजकली राय यादवको नाममा दर्ता श्रेस्ता कायम रहेको मलंगवा-९ नक्सा सिट न.१६९०८८६-१० स्थित कित्ता नं. २० को क्षे.फ. ०.०१९५.६० व.मि. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्त बन्देजहरू :
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा शाखा कार्यालयहरुमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/०४ गते बुधबार दिनको ५:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रिय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन्।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बरावरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट साथ खुलाउनु पर्नेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ। तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ। बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ। यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दै-दस्तुर, कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु. १,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

गर्विलो पराजय

काठमाडौं। आईसीसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको आफ्नो उद्घाटन खेलमा नेपाल दुई पटकको विश्वकप विजेता इंगल्याण्डसँग पराजित भएको छ। भारतको मुम्बईस्थित वानखेडे स्टेडियममा आइतबार भएको खेलमा इंगल्याण्डसँग नेपाल चार रनले पराजित भएको हो। झिनो अन्तरले पराजित हुँदा नेपाली क्रिकेट इतिहासमा नयाँ कीर्तिमान कायम गर्ने अवसरबाट नेपाल वञ्चित भयो।

जितका लागि १८५ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १८० रनमा समेटियो। नेपालका लागि दीपेन्द्र सिंह ऐरीले सर्वाधिक ४४ रनको योगदान दिए र उनले २९ बलमा छ चौका र एक छक्का प्रहार गर्दै ४४ रन जोडे।

यसैगरी कप्तान रोहित पौडेल र लोकेश बमले समान ३९/३९ रन बनाए भने कुशल भुर्तेलले २९ रन जोडे। आरिफ शेखले १० रन जोड्दा अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। आसिफ शेख सात रनमा आउट भए भने गुल्सन झा एक रनमा आउट भए।

बलिङमा इंगल्याण्डका लियम डसनले दुई विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको इङल्याण्डले निर्धारित २० ओरभमा सात विकेट गुमाउँदै १८४ रनको योगफल बनाएको थियो।

इंगल्याण्डका लागि ज्याकब बेथेल र कप्तान ह्यारी ब्रुकले अर्धशतक बनाए। ज्याकबले ३५ बलमा चार चौका र चार छक्काको सहयोगमा सर्वाधिक ५५ रन जोडे। यसैगरी कप्तान ह्यारीले ३२ बल खेल्दै चार चौका र तीन छक्का प्रहार गर्दै ५३ रन बनाए। विल ज्याक्सले अविजित ३९ रनको योगदान दिँदा जस बटलरले २६ रन बनाए। इंगल्याण्डले दिएको १८५ रनको लक्ष्य पछ्याएको नेपालले पावरप्लेमा मध्यम सुरुआत गरेको छ।

नेपालले दुई पटकको च्याम्पियन इंगल्याण्डसँग खेल्दै यसपटकको विश्वकपको यात्रा सुरुवात गरेको हो। नेपालले यसअघि सन् २०१४ र सन् २०२४ को विश्वकपमा सहभागिता जनाएको थियो। दुवै पटकको विश्वकपमा नेपालले समूह चरण पार गर्न सकेको थिएन। शनिबारदेखि सञ्चालन भएको विश्वकपमा नेपाल समूह ‘सी’ मा परेको छ। नेपालको समूहमा इंगल्याण्डसँगै वेस्ट इण्डिज, इटाली र स्कटल्याण्ड छ। नेपालले आफ्नो दोस्रो खेल यही माघ २९ गते इटालीसँग खेल्नेछ।

टी-२० वरियतामा नेपाल १६औं स्थानमा रहँदा इंगल्याण्ड तेस्रो स्थानमा छ।

त्यस्तै इंगल्याण्डको प्लेइङ ११ मा फिल साल्ट, जस बट्लर, ज्याकब बेथेल, टम ब्यान्टन, ह्यारी ब्रुक, विल ज्याक्स, साम करान, लियाम डसन, आदिल राशिद, जोफ्रा आर्चर र लुक वूड छन् भने नेपालको प्लेइङ ११ मा कुशल भुर्तेल, आसिफ शेख, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, आरिफ शेख, लोकेश बम, गुल्शन झा, करण केसी, शेर मल्ल, नन्दन यादव र सन्दीप लामिछाने छन्।

यो खेलमा नेपाली टिम पहिलेभन्दा परिपक्व देखिएको छ। इंगल्याण्डजस्तो टिमलाई अन्तिम बलसम्म तनाव दिन सक्नु चानचुने नभएको दर्शकहरूको प्रतिक्रिया छ।

उता मुम्बईमा खेल भइरहँदा नेपालमा भने सार्वजनिक स्थलहरूमा ठूलो स्क्रिनमा क्रिकेट हेर्नेहरूको भिड थियो। क्रिकेट प्रेमीहरू काठमाडौं टुँडिखेल, तीनकुने चौर, नन्दीकेशर बगैंचा, सिफल चौर, जुद्ध शालिक अगाडि, मखन चोक, हाँडीगाउँ डबलीलगायतका क्षेत्रमा बाक्लो रूपमा उपस्थित भई लाइभ क्रिकेट हेरेका थिए।

गरियो अन्तिम बिदाइ

प्रख्यात कलाकार सुनील थापालाई आइतबार पशुपतिनाथस्थित आर्यघाटमा अन्तिम संस्कार गरिएको छ। ठूलो भीडले उनलाई त्यहाँ पनि अन्तिम बिदाइ गर्‍यो। उनका छोरा अनमोलले दागबत्ती दिएका थिए।

कलाकर्मीहरूले ‘राते काइँला’ नामले परिचित अभिनेता सुनील थापाको निधनले समग्र कलाकारिता जगतमा अपूरणीय क्षति पुगेको बताएका छन्।

शनिबार बिहान अचानक स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि थापाथलीस्थित नर्भीक अस्पतालमा पुर्‍याइएका ६८ वर्षीय थापाको दुःखद निधन भएको थियो।

प्रारम्भिक जाँच गरेपछि अस्पतालले उनलाई शनिबार बिहान ७ बजेर ४४ मिनेटमा निधन भएको घोषणा गरेको थियो। नेपालीसँगै भारतीय चलचित्रमा प्रसिद्ध नाम बनेका अभिनेता थापाको निधन चलचित्रकर्मी स्तब्ध भएका छन्। पछिल्लो समय थापाले नेपाली चलचित्र ‘राम नाम सत्य’ को छायांकन गरिरहेका थिए।

उक्त चलचित्रमा खलपात्रको भूमिकामा निर्वाह गरिरहेका थापाको हिजो छायांकनको अन्तिम दिन शनिबार रहेको उक्त चलचित्रका निर्देशक माइकल चन्दले जानकारी दिए।

उनले भने, ‘शुक्रबार राति १० बजेसम्म अभिनेता थापा छायांकनमै हुनुहुन्थ्यो। हामीले उहाँको सम्पूर्ण काम शुक्रबार राति नै सकाउने तयारी गरेका थियौं तर उहाँले नै शनिबार बिहान गरौं भनेपछि सारेका थियौं। पछिल्लो समय झण्डै चार हप्तादेखि उहाँले चलचित्रमा काम गरिरहनुभएको थियो।’

निर्देशक चन्दका अनुसार खलपात्रको भूमिका निर्वाह गरिरहेका थापाको अन्त्येष्टिकै दृश्य शनिबार छायांकन गर्ने तयारी भएको थियो। उनले निर्वाह गरेको खलपात्रलाई चलचित्रका अभिनेता विराज भट्टले ‘राम नाम सत्य’ को छायांकन गर्ने दृश्य थियो। निर्देशक चन्दले भावविह्वल हुँदै भने, ‘चलचित्रमा उहाँलाई जलाउने दृश्य खिच्नु थियो। हामीले केही दिनदेखि द्वन्द्वका दृश्य छायांकन गरिरहेका थियौं, सोही कारण एकहप्तादेखि निरन्तर छायांकनमा संलग्न थियौं। उहाँले शनिबार बिहान ६ बजेदेखि १० बजेसम्म छायांकन गरेर एउटा पारिवारिक समारोहमा सहभागी हुनुपर्ने कुरा बताउनुभएको थियो। शुक्रबार बेलुका नियमितरूपमा छुटिएका थियौं, त्यो नै अन्तिम भेट भयो।’

उनीसँगै चलचित्रमा अभिनय गरिरहेका अभिनेता प्रशान्त ताम्राकारले अभिनेता थापाको निधनलाई पत्याउन गाह्रो भइरहेको बताए।

‘शनिबार बिहान हामी अभिनेता थापालाई छायांकनका लागि कुरिरहेका थियौं, अचानक उहाँ नरहेको खबर आयो। मैले चलचित्र ‘राम नाम सत्य’मा पहिलो दृश्य उहाँसँगै दिएँ, हिजो बेलुकी अन्तिम दृश्य पनि उहाँसँगै भयो। उहाँले मलाई छायांकन अवधिभर प्रोत्साहन गरिरहनुभयो, आफ्नो अनुभवले हामीलाई मार्गनिर्देश गर्नुहुन्थ्यो,’ अभिनेता ताम्राकारले भने।

अभिनेता भुवन केसीले चलचित्र क्षेत्रले देशकै अब्बल कलाकार गुमाएको प्रतिक्रिया दिए। नेपालीसँगै भारतीय चलचित्रमा स्थापित हुनुभएका अभिनेता थापा आफ्नो एक असल मित्र रहेको उनले बताए।

‘अभिनेता थापा मेरा लागि कलाकारभन्दा पनि असल मित्र हुनुहुन्थ्यो। चलचित्र ‘चिनो’ मा पहिलोपटक काम गरेयता हामीले थुप्रै चलचित्रको सेटमा कयौं अन्तरंग क्षण बिताएका थियौं। मैले निर्माण गरेका चलचित्रहरू ‘सपना’देखि ‘क्याप्टेन’सम्म हामीले सहकार्य गरेका छौं। उहाँ र म एकअर्कालाई भेट्दा सधैं के छ दोस्त भनेर सोध्ने गर्थ्यौं। उहाँको बिदाइले हामीलाई अपूरणीय क्षति पुगेको छ,’ अभिनेता केसीले भने।

नेपाली चलचित्र ‘चिनो’मार्फत अभिनेता थापालाई नेपाली चलचित्रमा स्थापित गराएका निर्देशक तुलसी घिमिरेले पात्रलाई जीवन्त बनाउन सक्नु नै उनको खुबी रहेको बताए।

प्रतिभालाई सुपर लिग

पोखरा। प्रतिभा सुपर लिग क्रिकेटको च्याम्पियन आयोजक प्रतिभा मावि बनेको छ। प्रतिभा मावि पोखरा-३ नदीपुरको आयोजनामा भएको प्रतिभा सुपर लिग क्रिकेट प्रतियोगिताको उपाधि आयोजक प्रतिभा माविले जितेको हो। पोखरा रंगशालामा आइतबार भएको फाइनल खेलमा मदरल्याण्ड सेकेण्डरी स्कूललाई ५८ रनले पराजित गर्दै प्रतिभाले पोखरामा पहिलो पटक आयोजना भएको प्रतियोगिताको उपाधि आफ्नो पोल्टामा पारेको हो।

आइतबारको खेलमा प्रतिभा माविले टस जितेर पहिले व्याटिङ गर्ने निर्णय गर्दै निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १३७ रनको योगफल तयार गर्‍यो। प्रतिभाका लागि सफल श्रेष्ठले ४९ बलमा ७२ रनको अर्धसतकीय पारी खेले। त्यस्तै, मिसन विकले २१ ब्लमा १८ रनको योगदान दिए।

प्रतिभालाई विशाल स्कोर बनाउनबाट रोक्ने क्रममा मदरल्याण्डका भुवनबहादुर भण्डारीले ३ ओभरमा १ मेडन ओभरसहित ४ रन खर्चेर ३ विकेट लिए भने विलोभ मल्ल, सद्रीस पौडेल, रमेश भट्ट र शुभम गिरीले १/१ विकेट लिए।

१३८ रनको चुनौतीपूर्ण लक्ष्य पछ्याउँदै जवाफी व्याटिङमा उत्रिएको मदरल्याण्ड भने १३.४ ओभरमा सबै विकेट गुमाएर केवल ७९ रनमा समेटियो। मदरल्याण्डका लागि रोमिस भट्टले ११ बलमा १३ रन बनाउनुबाहेक अन्यको व्याट नचल्दा पराजय बेहोर्दै उपविजेतामै सीमित बन्यो।

मदरल्याण्डलाई सस्तैमा समेट्न प्रतिभाका सफल थापाले ४ ओभरमा १५ रन खर्चेर ५ विकेट र सफल श्रेष्ठले ३.४ ओभरमा २१ रन खर्चेर ४ विकेट लिए। खेलमा प्रतिभाका अलराउण्डर सफल श्रेष्ठ प्लेयर अफ म्याच घोषित भए।

च्याम्पियन बनेको प्रतिभा माविले नगद ३० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गर्‍यो। उप-बिजेता बनेको मदरल्याण्डले नगद २० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो।

प्रतियोगितामा च्याम्पीयन बनेको प्रतिभा माविका सफल श्रेष्ठ प्लेयर अफ द टुर्नामेन्ट घोषित भए। त्यस्तै, प्रतिभा माविका सहबुद्दिन अन्सारी उत्कृष्ट ब्याट्स म्यान र बाल मन्दिर माविका सुमन अधिकारी उत्कृष्ट बलर बने। उनीहरूलाई पनि ट्रफी प्रदान गरिएको थियो।

उर्लाबारी भेट्रान्स प्रथम

पथरी (मोरङ)। दोस्रो पथरी शनिश्चरे भेट्रान्स गोल्डकपको उपाधि उर्लाबारी भेट्रान्सले हात पारेको छ। सतिसाले भेट्रान्सलाई २-० गोलअन्तरले हराउँदै उर्लाबारी भेट्रान्सले उपाधि चुमेको हो। विजयी उर्लाबारी भेट्रान्सले उपाधिका साथ नगद रु एक लाख ११ हजार १११ प्राप्त गर्यो भने उपविजेता सतिसाले भेट्रान्सले उपाधिसहित रु ५५ हजार ५५५ प्राप्त गरेको छ।

निकै प्रतिस्पर्धात्मक खेलमा उर्लाबारीले दुवै गोल दोस्रो हाफमा गरेको थियो। खेलको ४२औं मिनेटमा उर्लाबारीका लागि विकास राईले पहिलो गोल गरे। मित्त बस्नेत खेलको ७२ औं मिनेट गोल गर्दै अग्रता दोब्बर पारे। खेलको म्यान अफ दी म्याच उर्लाबारी भेट्रान्सका पहिलो गोलकर्ता विकास राई, गोल्डेन ग्लोप्स गोलरक्षक विनोद गौतम घोषित हुँदै नगद रु पाँच-पाँच हजार प्राप्त गरे। सतिसाले भेट्रान्सका निरु लिम्बूले गोल्डेन बलसहित नगद रु पाँच हजार र जीवन लिम्बूले गोल्डेन बुटसहित नगद रु सात हजार ५०० प्राप्त गरे।

पथरी शनिश्चरे भेट्रान्सले आयोजना गरेको प्रतियोगितामा झापा, मोरङ र सुनसरीका आठ टिमको सहभागिता थियो। यही माघ १७ देखि २४ गतेसम्म सञ्चालन भएको प्रतियोगिता प्रस्तावित पथरी रंगशालामा सञ्चालन भएको थियो।

अनुरोध

news24 दैनिक

नियमित रुपमा आउनुपर्ने पत्रिका तपाईंको अफिस वा घरमा आइपुगेन भने कृपया सम्पर्क गर्नुहोस्।

मोबाइलः ९७६२११७४३४

अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाईः

- शिक्षा, रोजगारी लगायतमा समान अवसर सुनिश्चित गरौं।
- सार्वजनिक, भवन र कार्यालय र सडकहरु पहुँचयोग्य बनाऔं।
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं।
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं।
- उनीहरुलाई दया होइन अधिकार दिऔं।
- नीतिगत निर्णयहरुमा सहभागी गराऔं।

अपाङ्गता दिवस, २०८२ भव्यरुपमा मनाऔं।
समान अधिकार र अवसर प्रदान गर समावेशी नेपालको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक बिहान समाचार र विचार मात्र होइन,
तपाईंको विश्वास बोकेर आउने

news24 दैनिक

वार्षिक ग्राहक योजना रु. ~~३५००~~
अब रु. २७०० मात्र

विस्तृत जानकारीका लागि
वितरण विभाग फोन नं: ९७६२११७४३४

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, दर्ता नं. : ०६८/२०७०/०७१, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः नवराज चालिसे